साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ४२ २०८३ जेठ १२ गते मंगलबार (May 26, 2026) मूल्य रू. १०/-

## न्याय र अन्याय एकैपटक देखिँदै



रवि लामिछानेमाथि अन्याय भयो भन्ने हावा टक्क रोकिएको छ। सहकारी अपचलनको मुद्दा कायम राखेर संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा कास्की अदालतले खारेज गरिदिएको छ। यही नजिर हेरेर बाँकी अदालतले पनि खारेज गर्ने सम्भापना अधिक छ। रविले पाएको यो न्यायसँगै भागेका जीवी र ठगी गर्ने छविले समेत उन्मुक्ति पाएका छन्।

अर्थ लगाउनेले अनर्थ लगाइरहे पनि सहकारी पीडितले बचत फिर्ता पाउनुपर्छ, यसको सुरूआत बालेन सरकारले गरिसकेको छ। अहिले प्रश्न उठेको छ, जीवी राई पक्राउ गरेको खोई ? यसबारे सरकार र रवि बोलेका छैनन्। जीवी राई पक्राउ नपरेसम्म र सहकारीको अपचलनको पैसा फिर्ता भएर बचतकर्ताले ब्याजसहित फिर्ता नपाएसम्म प्रतिपक्षीले यो बिबाद उचालिरहने देखिन्छ।

## नेपालको आपत्तिमा चीन मौन !



चीन र भारतले सन २०१५ मा लिपुलेकबाट ब्यापार गर्ने सहमति गरे, भारतले राजमार्ग नै बनायो, अहिले कैलाश मानसरोवरको तिर्थालुका लागि लिपुलेकबाट मार्ग खोलेपछि बालेन सरकारले भारत र चीन दुबैलाई कूटनीतिक नोट पठायो। भारतले केही घण्टामै लिपुलेक मार्ग १९५४ देखि प्रयोग हुँदै आएको दावीसहित भारतको भएको दावी गऱ्यो तर वार्ताबाट सहमति खोज्न तैयार भएको जनाउ दियो। चीन बोलेन, नेपाललाई कुनै जवाफ फर्काएन। नेपालको दावी छ कालापानी लगायतका लिपुलेक नेपालको हो। यो समस्या त्रीपक्षीय संवादबाट यो हल गर्नुपर्ने माग गरेको छ, चीनले जवाफ दिएन, मौनता साधिरहेको छ। किन ?

परराष्ट्रमन्त्री शिशिर खनालले संसदीय समितिमा भनेका छन्- चीनसँग संवाद भइरहेको बताएका छन्। उनले भने- नयाँ सरकार बनिसकेपछि कस्तो खाले विषय प्राथमिकतामा छन् भन्ने चीनको अलि बढी चासो छ।

लिपुलेक र अन्य सीमा विवादमा अनेक सरकारले अनेकपटक कूटनीतिक नोट पठाउने गरेका छन्। भारत र चीन दुबैले बेवास्ता गर्नु पुरानै रोग हो। तर यसपल्ट भारतले वार्ताबाट ढोका खुलै राखेको छ। जेठ १८ गते सत्तारूढ रास्वपाका सभापति रवि लामिछाने भारत जाँदैछन्। यो बेला भारतीय प्रधानमन्त्री मोदी र भारत सरकारसँग वार्ता हुनेछ। यो अवसरमा भारतले नेपालका लागि आर्थिक प्याकेजसमेत दिने संकेतहरू मिलेका छन्। नेपाल सरकार र भारत सरकारसँग सम्बन्ध सुधार गर्ने र नेपालको पक्ष प्रष्ट राख्ने अवसर मानिएको छ।

सन्धिको धारा ५ ले काली (महाकाली) नदीको पश्चिमी क्षेत्रमा नेपालको दाबी समाप्त गरे पनि उक्त नदीको वास्तविक उद्‌गमस्थल स्पष्ट नतोकिनु नै वर्तमान विवादको मुख्य कारक बनेको जानकारहरू बताउँछन्।


# देश लुट्नेको सातो जानथाल्यो

प्रधानमन्त्री बालेन्द्र साहले पशुपतिनाथको कसम खाएका छन्- भ्रष्टाचारीलाई बचाउन्न, म डराउन्न, मलाई कसैले गलाउन सक्दैन।

हो, यस्तै प्रधानमन्त्री चाहिएको थियो, यस्तै सरकार खोजेको हो। दल र नेताहरूको भ्रमजालबाट आजित भएका जनताले जुन प्रकारले चुनावमा मौन बिद्रोहमार्फत मतादेश दिए, त्यो मतादेशले के के परिवर्तन ल्याउन सक्छ, त्यसका संकेतहरू देखिन थालेका छन्।

भ्रष्टाचारका फाइल खुल्न थालेका छन्, कर्मचारीको सेवाभाव देखिन थालेको छ, सेवाग्राहीले सहजै सेवा पाउने सुरूआत भएको छ। १५ गते आउने बजेटले कर्मचारीको तलवमान बढ्दैछ। रोजगारीको सिर्जना गर्न बन्द भएका उद्योगहरू खुल्ने भएका छन्। राइट म्यान राइट प्लेसमा नियुक्ती गर्ने र जवाफदेही बनाउन सरकार अग्रसर भएको छ। पर्यटन प्रवर्द्धन, संस्कृतिको सम्वर्द्धन, नैतिकशिक्षा, राज्य सञ्जालमा राजनीतिकरणमा बन्देज, सुकुमवासी र भूमिहीनलाई लालपूर्जा, समाजका कमजोर बर्गलाई लाभ दिने तैयारी, अनेक अनेक सुधार हुँदैछन्।

जसजसले राज्यका साधनस्रोत दोहन गरिरहेका छन्, त्यसमा कडाइ। विश्वमै ४५ सय भन्दा बढी भीआईपी भएको देश नेपाल हो। यिनलाई पाल्दैमा, यिनको उपचार गर्दैमा अरवौं खर्च भइरहेको थियो। बालेन्द्र नेतृत्वको रास्वपाको सरकार गठन भए पछि पूर्वभीआईपीहरूको सातापुत्लो उडेको छ। स्वयम् शक्तिशाली ठान्ने एमाले अध्यक्ष केपी ओलीले समेत उपचार खर्च भनेर खाएको राजस्व फिर्ता बुझाएका छन्। फिर्ता बुझाउनेमा पूर्वराष्ट्रपति रामवरण यादव, नारायणमान बिजुक्छे, झलनाथ खनालहरू लामवद्ध देखिन्छन्। देश लुट्नेहरू अतासमा छन्। ०६९ मा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले गरेको पूर्व विशिष्टलाई आजीवन दिने भत्ता, सुविधा, विदेशमा उपचार गराउने खर्च आदि अदालतले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७३ को दफा १२ (१) खारेज गरिदिएको छ।




सर्वोच्च अदालतमा भएको सेटिङको खारेजी क्रान्तिकारी काम मानिएको छ। अब ६५ वर्षदेखि सन्तान, दरसन्तान मुद्दा लड्नुपर्ने बाध्यता वर्षदिनमै सकिने सम्भावना बढेको छ। हरेक पदमा योग्यताको आधारमा नियुक्ती दिने विषय पनि स्वागतयोग्य मानिएको छ। मुख्य सवाल सहमतिको हो। नयाँले कतै कमजोरी देखाए तिनलाई करेक्शन गर्न सुझाव दिनुपर्ने, मिलेर अघि बढ्नुपर्नेमा प्रतिपक्षीहरू प्रधानमन्त्रीको आलोचना र रास्वपाको विरोधमा समय खर्चिरहेका छन्। यो सबै देश लुट्नेहरूको सातो गएको परिदृश्य हो, उनीहरू देशमा सुशासन कायम होस् भन्ने चाहँदैनन्।

# रवि जाज्वल्यमान, ओली चाउरिए, गगन असफल



**रास्वपा** असार ७, ८ र ९ गते चितवनमा महाधिवेशन सम्पन्न गर्न लागिपरेको छ। झट्ट हेर्दा प्रम बालेन्द्रले सभापति, सभामुखको संसदमा जान गरेको आग्रह अटेर गरेको देखिए पनि रास्वपा योजनावद्ध रूपमा सरकार चलाइरहेको बताइन्छ। प्रम बालेन्द्रले दाई संवोधन गर्ने रवि लामिछाने नै रास्वपाको सर्वसम्मत सभापति बन्ने संकेतहरू देखिएका छन्। प्रम बालेन्द्र र सभापति रवि लामिछानेलाई कसरी फुटाउने भनेर लाग्नेहरू महाधिवेशनको एकता देखेर जिल्लाराम पर्न थालेका छन्। रास्वपाले प्रविधिमाफृत जेठ ७ देखि असार ५ गतेसम्म भोटिङमेसिन तैयारीमा छ। रास्वपाका सभापति रवि लामिछाने र प्रम बालेन्द्र साहको प्रतिपक्षीले जतिसुकै संसद, सडकमा विरोध गरे पनि लोकप्रियतामा कुनै ह्रास आएको देखिदैन। यिनको ख्याति विदेशसम्म फैलिदो छ।

**एमाले** सचिवालय बैठकमा व्यस्त भयो। जेठ १० गते आधारातमा सकिएको यो बैठकमा अध्यक्ष केपी ओलीको व्यापक बिरोध भयो, ओलीका सहयोगीहरूले नै साथ दिएनन्। कडा आलोचना भए पनि असार दोस्रो साता केन्द्रीय समिति बैठक गर्ने निर्णयसहित सचिवालाय बैठक सकिएको छ। देखाउनका लागि बैठक सौहार्द्रतापूर्ण भएको भनिए पनि महेश बस्नेतले अप्ठेरो परेको बेला अध्यक्षलाई साथ दिनुपर्ने बताएपछि पार्टीभित्रै अध्यक्ष ओलीलाई मार्ग प्रशस्त गर्न भनिएको स्पष्ट हुन्छ। ओलीका पक्षमा रामबहादुर थापामात्र उभिएका छन्।

**नेपाली कांग्रेस** सभापति गगन थापा र देउवा समूहवीच टकराव बढेको छ। गगन थापाको निर्णय अमान्य गर्दै सदस्यता अद्यावधिक नगर्ने अधियान सुदूरपश्चिम पुगिसकेको छ। सभापति गगन थापामाथि पार्टी एकढिक्को बनाउन असफल भएको आरोप लागेको छ। १५औं महाधिवेशनप्रति विश्वास घटेको छ, पार्टी अघोषित रूपमा फुटिसकेको छ। चुनावपछि कांग्रेस हाँसको न कुखुराको चालमा देखिएको छ। नेपाली कांग्रेस न भूतो, न भविष्यति, त्यस्तो बिघटनको संघारमा छ।

## ककरोच पार्टी भाजपाभन्दा लोकप्रिय




जब, प्रणाली सफा गर्नुको सट्टा, प्रणाली आफैं सड्न थाल्छ, तब, अँध्यारो रातहरूमा, सुनसान सडकहरूमा, एक मसीहा देखा पर्छ। मानिसहरूले उसलाई राजा होइन, सांगला- ककरोच; भन्छन्। यो एक सर्वव्यापी मसीहा हो जो जहाँ पनि देखा पर्नसक्छ। चुनाव लडेर, ऱ्याली नगरी र पोस्टरहरू पोस्ट नगरी सामाजिक सञ्जालमा हलचल मच्चाइरहेको छ। यसको नाम **ककरोच जनता पार्टी**, वा **सीजेपी** हो। सीजेपी विश्वव्यापी चर्चामा छ।यो मीम वा मजाकजस्तो लाग्न सक्छ, तर इन्टरनेटमा यसको लोकप्रियता मजाकभन्दा बाहिर देखिन्छ। यो घोषणा भएको केही दिनमै प्रम मोदीको भाजपाभन्दा बढी लोकप्रिय भइसकेको छ।

रोचक कुरा के छ भने, यसका सदस्यहरूले आफूलाई धर्मनिरपेक्ष, समाजवादी, लोकतान्त्रिक र अल्छी भनेर वर्णन गर्छन्, जुन लाइन अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ। कोही यसलाई युवा निराशाको नयाँ प्रतीक भनिरहेका छन् भने कोही यसलाई वर्तमान राजनीतिमा अन्तिम व्यंग्य मानिरहेका छन्। (पेज ८ मा)

## संविधान मातहत रहनेगरी राजसंस्था राख्दा महासंकट आउँदैन



यो अभिव्यक्ति प्रम बालेन साहका राजनीतिक सल्लाहकार असिम राहको हो। रास्वपा अत्यधिक बहुमतसहित सरकारमा छ। यही सरकारले पूर्वसत्तारूढा एमाले, कांग्रेस, माओवादी (हाल नेकपा)जस्ता पार्टीहरूले एजेण्डा बनाएर पनि गर्न नसकेको संविधान संशोधनको बिडा उठाएको छ। संविधान संशोधनको बहसपत्र तैयार गर्न प्रम बालेन्द्र साहले आफ्ना राजनीतिक सल्लाहकार असिम साहको नेतृत्वमा समिति गठन गरेर बहसपत्र तैयार हुँदैछ। यो समितिमा रास्वपा, नेकपा एमाले, कांग्रेस, नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा, जसपा, लोसपा, राजमोका सदस्य रहेका छन्। यो समितिले पार्टी, समाजका धेरैको सुझाव संकलन गरेपछि आमनागरिकको सुझाव संकलन गरिरहेको छ।

कांग्रेसभित्रका संवैधानिक राजतन्त्रको माग गर्ने धेरै नेताहरू भए पनि आफ्नै बिबादका कारण प्रतिनिधि खटाएको छैन। प्रम बालेन साह राजतन्त्रका प्रति उदार छन्, राष्ट्रपतिलाई पार्टीको झोले ठान्छन्, २०६३ वैशाख ११ गते राजासँग सम्झौता गर्ने दलहरूले राजालाई धोका दिंदा अन्याय भएको ठान्छन्। भनिन्छ, जनताको मागको संवोधन र अन्यायमा परेका पूर्वराजाले पनि न्याय पाउँदैछन्।

# यो जोडी तोड्न ब्रम्हास्त्र हानिदैछ



प्रधानमन्त्री बालेन्द्र साह संसद गएनन्, जवाफ दिएनन्, प्रतिपक्षीहरू सडकदेखि संसदसम्म रास्वपाको हुर्मत लिइरहेका छन्। बालेन्द्र साहले रास्वपाले पाएको जनमत र पार्टीमा भाँडभैलो मच्चाइदिए भनेर सञ्जार माध्यममा हुँडलो मच्चाउने काम भइरहेको छ।

के यही सत्य हो त ? रास्वपाभित्रको स्रोत भन्छ- यो सत्य होइन। प्रम बालेन्द्र साहले जेजति निर्णय लिएका छन्, सभापति रविसँग सल्लाह गरेर लिएका छन्। रास्वपा र सरकार रणनीतिक रूपमा चलेका छन् र ऐतिहासिक काम गर्ने मोडमा पुगेका छन्।

यतिबेला २०४६ सालका परिवर्तनपछिका फोहर सफा गर्ने दायित्व निर्वाह गर्दैछन् प्रम बालेन्द्र। यसमा रास्वपाका सभापति रवि लामिछाने र सिङ्गो पार्टी पङ्ति एक छन्। झट्ट हेर्दा केही सांसदले सरकारको आलोचना गरेको देखिन्छ। यथार्थमा रास्वपा नयाँ राजनीतिक मूलधार बन्दै गएको छ।

गत फागुन २१ को चुनावपछि नेपाली राजनीतिमा आधुनिक महाभारत चलिरहेको छ। रास्वपा कति राम्रो भन्दा पनि कांग्रेस, एमाले, माओवादी (नेकपा) असफल भएपछि मौका मिलेको हो। यो मौकालाई पुँजीकरण गर्नसके भने रास्वपाले अरू धेरै वर्ष राजकाज गर्नसक्नेछ। राजनीति गर्ने अवसर पाउनेछ। रास्वपा जनताका लागि दशैं तिहारमा स्वाद फेरेजस्तो बनेको छ। रवि र बालेनको जोडी मिलेको छ। एउटा राजनीतिक र अर्को प्राविधिक सतिसाल। यी न भाँचिन सक्छन्, न कुहिन। यिनले तैयार गरेको रणनीति कति लामो समय चल्छ, त्यसमा नेपालको भविष्यको अनुहार निहित देखिन्छ। भन्नलाई त यो जोडी राजा महेन्द्रपथ पछ्याएको भनिदैछ। कम्तिमा ५ वर्ष मिलुन्। प्रतिपक्षीले यो कार्यकालमा सत्ता लालसा बिर्सियुन्। यसपछि प्रत्येक पार्टीले राजनीतिलाई देश र जनता केन्द्रित गर्नेछन्।

अहिले नै प्रतिपक्षीहरू यो जोडीलाई अमेरिकी भरिया भनिरहेका छन्। यिनीहरू पनि सद्दाम हुसेन अथवा बिन लादेनजस्तै हुन् भनेर आत्मरती गरिरहेका छन्। बालेन्द्र साहलाई युक्रेनका राष्ट्रपति जेलेन्स्की भन्ने आरोप पनि लगाइरहेका छन्। तर बालेन्द्रका स्टाटसहरू र उनको प्रधानमन्त्रीत्वमा देखाएका चरित्र आरोप लगाएजस्तो मेला खाँदैनन्। बालेन्द्रले न भारत, न अमरिका कसैका सामु लम्पसार पर्न चाहेको देखिदैन। प्रम बालेन्द्रले सहिद, जेनजीका सपना साकार पार्ने, रोजगारीको सिर्जना, भ्रष्टाचारको अन्त्य, सुशासनका मुद्दाहरूलाई प्राथमिकता दिएका देखिन्छन्।


नेपाललाई ग्रेलिस्टबाट निकालेर समृद्धिको मार्गमा अगाडि बढाउने काम बालेन्द्र सरकार गरिरहेको छ, रास्वपाका सभापति होस्टेमा हैंसे गरिरहेका छन्। ३७ वर्षको शासन गर्दा देश बिगार्ने जो थिए, तिनीहरू नै यो जोडी फुटाउन र देशलाई नीति, सिद्धान्त, निष्ठा, चरित्रहीनतामा धकेल्न खोज्दैछन्। रास्वपा चानचुने प्रहारबाट टुक्रिने, फुट्ने देखिदैन। एकाध सदस्य बाउँठिएलान्, त्यसले रास्वपाको शक्ति, सामर्थ्य र लक्ष्यमा खासै फरक पार्ने देखिदैन। पुराना पार्टीहरू अंकगणित र स्वार्थमा केन्द्रित भए, किनारामा पुगे। यो कुरा रवि र बालेन्द्रले बुझेका छन्। रविलाई त पक्राउ गरेर अन्तिम इच्छा सोध्ने यिनै प्रतिपक्ष थिए, कसरी बिर्सने ?

हो, गत भदौ २३ र २४ गते देश जल्यो। यसअघिको ३७ वर्षमा राष्ट्रियता नै जलाउने यिनै प्रतिपक्षी हुन्। देशलाई अनियन्त्रित र अनुशासनहीनतामा अलमल्याउने यिनै प्रतिपक्षी थिए। दाँतले जिब्रो पनि टोक्छ भन्दै प्रतिपक्षीहरू रवि र बालेन्द्रको मित्रता हेरौंला भनेर मुख मिठ्याइरहेका देखिदैछन्। निश्चित कुरो भनेको नेपाललाई फिजी र महेन्द्र चौधरीको कब्जा हुन वा सिक्किमीकरण हुन दिनेछैनन्। राष्ट्रियता बचाउन जतिसुकै अप्रिय निर्णय गर्न सक्छन्। रिमोटबाट चल्ने परजीवी हुन्छन्, यो जोडी नेता नेपाली हुन्, पनामाका नोरियगा होइनन्।

बहुदलपछिको ३७ वर्षमा आफूले गर्न नसकेका र बिथोलिएका जति पनि विषय छन्, अहिले प्रतिपक्षी सरकारसँग त्यही विषयमा जवाफ मागिरहेका छन्। नयाँ सरकार जो परिवर्तन गर्न आएको छ, जनादेश पाएको छ, त्यो सरकारलाई बाटो देखाउने, संवाद र सहमति गरेर अघि बढ्ने दायित्व पुरानाको थियो। ३७ वर्ष भ्रष्टाचारमा रमाउनेहरू चुके। हो चुक घोप्ट्याउनेहरू चुक्छन्, चुकेका छन्।

# ॐ । वेदको संक्षिप्त परिचय ।

**कौडिण्य पदम (बाहुनबाजे)**



वेद विश्वका सबै धर्म ग्रन्थहरूको पिता हो । वेदबाट नै साभार गरेर अन्य धर्मशास्त्रका पुस्तकहरू निर्माण गरिएका हुन् । वेद हिन्दूहरूको सबैभन्दा ठूलो ग्रन्थ हो । वेद नै सनातन धर्मको सर्वोच्च र सर्वोपरि धर्मग्रन्थ हो ।

**वेदहरूको महत्व :**

हिन्दू संस्कृतिको मूल वेद हो । यो हाम्रो सबै भन्दा पुरानो धर्म-ग्रन्थ हो र हिन्दू धर्मको मुख्य आधार हो । धार्मिक मात्र नभएर ऐतिहासिक दृष्टिले पनि वेदहरूको असाधारण महत्व छ । वैदिक युगको आर्यको संस्कृति र सभ्यता जान्ने एकमात्र साधन यही हो । मानव-जाति र विशेषत: आर्य जातिले आफ्नो शैशवमा धर्म र समाजको कुन कुन प्रकारले विकास गरे यसको ज्ञान वेदबाट नै जानिन्छ । विश्व वाङ्मयमा यिनिहरूभन्दा प्राचीन पुस्तक छैन ।

वेदका २८ हजार पाण्डुलिपिहरू भारतको पुणेस्थित भण्डारकर ओरिएन्टल रिसर्च इन्स्टिच्युटमा राखिएको छ । तीमध्ये ऋग्वेदका ३० पाण्डुलिपिहरू असाध्यै महत्वपूर्ण छन्, जसलाई युनेस्कोले आफ्नो सम्पदा सूचीमा समावेश गरेको छ ।

वेदलाई श्रुति पनि भनिन्छ । 'श्रु' धातुबाट श्रुति बनेको छ । 'श्रु' अर्थात् सुन्नु । के भनिन्छ भने प्राचीन तपस्वीहरू गहिरो तपस्यामा लीन भइरहेको समयमा यी मन्त्रहरू उनीहरूलाई स्वयं ईश्वरले अप्रत्यक्ष रूपमा सुनाएका थिए । सर्वप्रथम ईश्वरले चार जना ऋषिहरूलाई वेदको ज्ञान दिए: अग्नि, वायु, अंगिरा र आदित्य ।

वेद वैदिककालीन वाचिक परम्पराको अनुपम कृति हो । वेदको संहिता भनेको मन्त्र भाग हो । वैदिक मन्त्रहरू सुन्दरताले भरिपूर्ण छन् । वैदिक ऋषिहरू जब वेदको सस्वर पाठ गर्छन्, त्यो सुनेर चित्त प्रफुल्ल हुन्छ । जसले सस्वर वेद पाठ सुन्छन्, ती पनि मुग्ध हुन्छन् । वेदको ब्राह्मण भागमा यज्ञको बारेमा चर्चा गरिएको छ । यसमा वेदका मन्त्रहरूको व्याख्या गरिएको छ । यसमा यज्ञका विधान र विज्ञानका बारेमा विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ ।

**मुख्य ब्राह्मण ग्रन्थहरू यसप्रकार छ :** ऐतरेय, तैत्तिरीय र शतपथ । आरण्यक पनि वेदको एक महत्वपूर्ण हिस्सा हो । संस्कृतमा वनलाई अरण्य भनिन्छ । त्यसैले अरण्यमा उत्पन्न भएका ग्रन्थहरू नै आरण्यक अन्तर्गत पर्दछन् । पाँच मूख्य आरण्यक यसप्रकार छन् : ऐतरेय, शांखायन, बृहदारण्यक, तैत्तिरीय र तलवकार ।

उपनिषद वेदको शीर्ष भाग हो । साथै उपनिषद वेदको सर्वश्रेष्ठ अन्तिम भाग पनि भएकाले यसलाई वेदान्त पनि भनिन्छ । यसमा ईश्वर, सृष्टि र आत्माका सम्बन्धमा गहन दार्शनिक तथा वैज्ञानिक वर्णन गरिएको छ । उपनिषदहरूको वास्तविक संख्या ११८० मानिन्छ । तर, हाल उपनिषदका १०८ संख्या मात्र उपलब्ध छन् । तिनमा मुख्य उपनिषद् यसप्रकार छन् : ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, तैत्तरीय, ऐतरेय, छान्दोग्य, बृहदारण्यक र श्वेताश्वतर ।

असंख्य वेद शाखाहरू, ब्राह्मण ग्रन्थ, आरण्यक र उपनिषदहरू लोप भइसकेका छन् । हाल आएर ऋग्वेदका दश, कृष्ण यजुर्वेदका बत्तीस, सामवेदका सोह्र र अथर्ववेदका एकतीस उपनिषदहरू अस्तित्वमा छन् । प्रोफेसर विन्टरनिट्जले वैदिक साहित्यको रचनाकाल २००० देखि २५०० इसापूर्व मानेका छन् । तर, खासमा वेदको रचना कुनै एक निश्चित कालखण्डमा भएको होइन । अर्थात् यो त बिस्तारै बिस्तारै संग्रह हुँदै गयो र सबैभन्दा पहिले वेदका तीन भाग संकलन गरियो, जसमा ऋग्वेद, सामवेद र यजुर्वेदको संकलन भयो । यसलाई 'वेदत्रयी' पनि भनिन्छ ।

सनातन मान्यताअनुसार वेदको विभाजन रामचन्द्रको जन्मपूर्व पुरूरवा ऋषिको समयमा भएको हो । कालान्तरमा अथर्वा ऋषिले अथर्ववेदको रचना गरेका हुन् । कतिपय विद्वानहरूका मतमा चाँहि श्रीकृष्णको समय द्वापर युगको समाप्तिपछि महर्षि वेदव्यासले वेदलाई चार भागमा विभाजन गरी व्यवस्थित गरेका हुन् ।

उनले यी चार भागको शिक्षा क्रमश: चार शिष्यहरू पैल, वैशम्पायन, जैमिनि र सुमन्तुलाई दिए । त्यस क्रममा उनले पैललाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनीलाई सामवेद तथा सुमन्तुलाई अथर्ववेदको जिम्मेवारी दिए । यसको आधारमा भन्दा वेद लिखित रूपमा आजभन्दा ६५०८ वर्ष पुरानो ग्रन्थ हो ।

**वेदका चार विभाग छन्** : ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । ऋग-स्थिति, यजु-रूपान्तरण, साम-गतिशील र अथर्व-जड । ऋक भनेको धर्म, यजु भनेको मोक्ष, साम भनेको काम, अथर्व भनेको अर्थ पनि मानिन्छ । यसैका आधारमा धर्मशास्त्र, अर्थशास्त्र, कामशास्त्र र मोक्षशास्त्रको रचना भएको हो ।

**ऋग्वेद :**

वेदहरूमा सर्वप्रथम ऋग्वेदको निर्माण भयो । यो पद्यात्मक छ । यजुर्वेद गद्यात्मक छ भने सामवेद गीतात्मक छ । ऋग्वेदमा १० मण्डल, १०२८ सूक्त र ११ हजार मन्त्र छन् । यी मन्त्रहरूमा देवताको स्तुति गरिएको छ । यी मन्त्रले देवताहरूलाई यज्ञमा आह्वान गर्दछन् । यसका पाँच शाखा छन् : शाकल्य, वास्कल, आश्वलायन, शांखायन र मण्डूकायन । ऋग्वेदमा मृत्युनिवारक त्र्यम्बक मन्त्र वा मृत्युञ्जय मन्त्र (७/५९/१२) वर्णित छ । विश्वविख्यात गायत्री मन्त्र (३/६२/१०) पनि यहीँ छ । ऋग्वेदमा अनेक प्रकारका लोकोपयोगी सूक्त, तत्वज्ञान सूक्त, संस्कार सूक्त विद्यमान छन् । रोगनिवारक सूक्त (१०/१३७/१–७), श्रीसूक्त वा लक्ष्मीसूक्त (खिलसूक्त), नासदीय सूक्त (१०/१२९/१–७) तथा हिरण्यगर्भ सूक्त, विवाह सूक्त आदिको वर्णन छ जसमा ज्ञान र विज्ञानको चरमोत्कर्ष देख्न पाइन्छ ।

**सामवेद :**

सामवेद मा गाउन मिल्ने छन्दहरू छन् । यिनको गान यज्ञको समयमा हुन्छ । यस वेदमा १८२४ मन्त्र छन् र ७५ मन्त्रबाहेक अन्य सबै ऋग्वेदबाट नै लिइएका हुन् । तैपनि यसको आफ्नै विशिष्ट महत्व छ । श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले 'वेदानां सामवेदोकस्मि' भनेर यसको महत्वलाई उजागर गर्नुभएको छ । यसमा मुख्य तीन शाखा र ७५ ऋचा छन् र संगीतशास्त्रलाई प्रधान बनाइएको छ ।

**यजुर्वेद :**

यसमा यज्ञको असल प्रक्रियाका लागि गद्य मन्त्र समावेश गरिएको छ । विशेषगरी क्षेत्रीहरूका लागि यो वेद महत्वपूर्ण छ । यजुर्वेदका दुई शाखा छन् । नेपाल र उत्तर भारततिर शुक्लयजुर्वेद अनि दक्षिण भारततिर कृष्णयजुर्वेद प्रचलित छ । यसमा ४० अध्याय छन् । यो वेदमा अधिकांशत: यज्ञ र हवनको नियम र विधान छन् । त्यसैले यो कर्मकाण्डप्रधान ग्रन्थ हो ।

**अथर्ववेद :**

यसमा देवताहरूको स्तुतिका साथसाथै जादूसँग सम्बन्धित मन्त्र र तन्त्र, राक्षस, पिशाच जस्ता भयानक शक्तिका बारेमा वर्णन गरिएको छ । यसका अलावा यसमा चिकित्सा, विज्ञान र दर्शन सम्बन्धी मन्त्रहरू पनि पाइन्छन् । भूगोल, खगोल, वनस्पति विद्या, असंख्य जडीबुटी, आयुर्वेद, प्रजनन विज्ञान अर्थशास्त्र, राजनीति, राष्ट्रियता लगायतका धेरै विषय यसमा अटाएका छन् । यसमा २० काण्ड छन् ।


**छ वेदाङ्ग :** वेदका छ अङ्ग छन्, (१) शिक्षा, (२) छन्द, (३) व्याकरण, (४) निरूक्त, (५) ज्योतिष र (६) कल्प ।

**छ उपाङ्ग :** (१) प्रतिपदसूत्र, (२) अनुपद, (३) छन्दोभाषा (प्रातिशाख्य), (४) धर्मशास्त्र, (५) न्याय तथा (६) वैशेषिक । छ वटा उपाङ्ग ग्रन्थहरू हुन् । यसैलाई षड्दर्शन भनिन्छ जुन सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त हुन् ।

# दिल्लीमा हुने रणनीतिक छलफल र नेपालको सन्दर्भ



**डा. केशव देवकोटा**



भारतको नयाँदिल्लीमा आज मे २६ मा इन्डो-प्यासिफिक क्षेत्रको रणनीतिबारे छलफल हुँदैछ । जसमा चीनलाई घेर्नको लागि यसअघि अमेरिकी नेतृत्वमा बनाइएको क्वाड समूहका जापान, अष्ट्रेलिया, भारत र अमेरिकाका विदेशमन्त्रिहरुको उपस्थिति रहेको छ । सो समूहले इन्डो-प्यासिफिक क्षेत्रले चीनको आक्रामकता नस्वीकार्ने दोहोऱ्याउँदै बताउँदै आएका छन् । क्वाड एक अनौपचारिक रणनीतिक सुरक्षा सम्वाद हो । यसको मुख्य उद्देश्य इन्डो-प्यासिफिक क्षेत्रलाई मुक्त, खुला र समृद्ध राख्नु तथा हिन्द-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभाव र आक्रामकतालाई सन्तुलितगर्नं रहेको बताइन्छ । पाँचबर्षअघि क्षेत्रीय सम्पर्क बढाउनको लागिभन्दै क्वाड समूह बनाउने सैद्धान्तिक सहमति भएको थियो । यो चार देशको समूहले व्यापार विस्तारगर्ने, अन्तरक्षेत्रीय व्यापार मार्ग खोल्ने, ट्रान्जिट लिंक बनाउने र व्यापारिक सम्बन्धलाई झनै मजबुत बनाउन सहयोग आदान-प्रदानगर्ने औपचारिक लक्ष्य लिएको पाइएको छ । क्वाडका माध्यमबाट अमेरिकाले मुख्यत अफगानिस्तानमा आफ्नो उपस्थिति कायम राख्ने प्रयासगर्दै आएको देखिएको थियो । अफगानिस्तानको पूर्व र दक्षिणी सीमा पाकिस्तानसँग जोडिएको छ, पश्चिमी सीमा इरान, उत्तर तुर्कमेनिस्तान, उज्वेकिस्तान र ताजिकिस्तानकासाथै उत्तरी सीमा चीनसँग जोडिएको छ । सिल्क रोडको केन्द्रमा रहेको अफगानिस्तान लामो समयदेखि एशियाली देश र युरोपलाई जोड्ने वाणिज्य र व्यापारको केन्द्र पनि बनेको छ । जसबाट धार्मिक साँस्कृतिक र व्यापारिक सम्पर्क बढाउन फाइदा पुग्छ । चीनले पनि लामो समयदेखि आफ्नो बीआरआई अवधारणा अफगानिस्तानमा विस्तारगर्ने चाहना राखेको देखिएको छ । यसबीचमा अमेरिकाको नेतृत्वमा गठन भएको यो क्वाड समूहलाई चासोका साथ हेरिएको छ । सन् २०१३ मा सत्तामा आउनु भएका चीनका राष्ट्रपति सी जिनपिङले अरबौं डलरको बीआरआई परियोजनाको उद्घाटन गर्नुभएको थियो । सो परियोजनाको उद्देश्य दक्षिण पूर्वी एशिया, मध्य एशिया, खाडी राष्ट्र, अफ्रिका र युरोपको स्थल र समुद्री मार्गको नेटवर्क जोड्नु हो । अफगानिस्तानको भौगोलिक स्थिती यस्तै एक रणनीतिक मार्ग हो, जसले विश्वभर सञ्जाल फैल्याउन चीनलाई आधार दिनसक्छ ।

चीनको बीआरआई परियोजनासँग नेपालसमेत जोडिएको छ । त्यसैले यहाँ सो परियोजना कार्यान्वयन हुन नदिन अमेरिकाले नेपालमासमेत आफ्नो उपस्थिति बढाउँदै लगेको देखिएको छ । यसअघि तत्कालीन नेपाली कांग्रेस र माओवादी केन्द्रलाई प्रयोग गरेर बिवादास्पद एमसीसीमार्फत अमेरिका नेपालको संविधान र ऐन कानूनमा हाबि भएको थियोभने गत भदौ २३ र २४ को घटनापछि सरकारमासमेत हाबि भएको देखिएको छ । भदौ २७ को घोषणाबाट सत्तामा आएको तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले १० सालदेखि थाति रहेको बिवादास्पद नेपाल भारत सुपुर्दगी सन्धीलाई बल पुग्नेगरी गत असोज ३० गतेको मन्त्रिपरिषद्को बैठकबाट भारतसँगको फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता स्वीकारगर्ने निर्णय गरेको थियोभने बर्तमान सरकारले त्यसलाई हालैमात्र संसदबाट अनुमोदन समेत गराएको छ । जसलेगर्दा अब भारतीय चाहनाअनुसार नेपाल भारत सुपुर्दगी सन्धीमा पुनराबलोकन हुने वातावरण तयार भएको छ । भारतसँगको फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौताले भारतीय सुरक्षाकर्मीलाई सिधै नेपालमा प्रबेशगर्ने बाटोसमेत खुल्लागरेको छ । यस्तो अवस्थामा एकातिर नयाँ दिल्लीमा आजै क्वाडको बैठक हुँदैछभने अर्कातिर आगामी १८ गते (मे १) मा नेपालको सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबि लामिछानेलाई दिल्लीमा आमन्त्रण गरिएको छ । त्यसक्रममा सुरक्षा रणनीतिसँग सम्बन्धित बिबिध बिषयमा बिभिन्न चरणमा छलफल हुने संकेतहरु देखिएका छन् । त्यसैगरी भारतले नेपालको दार्चुला जिल्लाको उत्तरी त्रिदेशीय नेपाल-चीन-भारतको सीमानजिकै पर्ने नेपाली भूमि गुञ्जीमा आफ्नो सैनिक बिद्यालय स्थापना गरेर नेपाललाई चुनौती दिएको छ । तर नेपालको बर्तमान सरकारले कुनै प्रतिवाद गरिरहेको छैन । यसअघि सोही जिल्लाको लिपुलेक क्षेत्रमा भारत र चीनले गरेको हस्तक्षेपको बर्तमान सरकारले सामान्य प्रतिवाद गरेपनि हाल त्यसकोसमेत वेवास्ता गरेको देखिएको छ । भारतले आफूहरु वार्ताबाट लिपुलेकको बिवाद टुंग्याउन तयार रहेको भन्दापनि नेपालले वार्ताको वातावरण बनाउने कुनै प्रयास गरिरहेको छैन । जसलेगर्दा क्वाडको बैठकपछि नेपालमा भारत र अमेरिकाका तर्फबाट सुरक्षा दबाव बढ्नसक्ने ठानिएको छ ।

अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले गत शनिबार भारतको कोलकाताहुँदै दिल्ली पुगेर त्यहाँका प्रधानमन्त्रि नरेन्द्र मोदीसँग वार्ता गर्नुभएको भनिएको थियो । भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरले सामाजिक सञ्जालमार्फत मार्को रुबियोको भारत भ्रमणबारे जानकारी दिनुभएको थियो । सर्जियो गोरले एक्समा लेख्नुभएअनुसार दिल्लीमा रुबियोले प्रधानमन्त्री मोदीसँग व्यापार, प्रविधि, रक्षा, क्वाड र अन्य धेरै मुद्धामा छलफलगर्ने कार्यक्रम थियो । त्यसबारे बिस्त्रित बिवरण बाहिर आएको छैन । रुबियो क्वाड समूह देशका विदेशमन्त्रीहरुको आज हुने बैठकमा भागलिन भारत आउनुभएको भनिएको छ । भारतका लागि अमेरिकी राजदूत गोरकाअनुसार क्वाडको बैठक अमेरिका-भारत साझेदारीलाई अझ बलियो बनाउने ट्रम्पको दृष्टिकोणलाई अगाडि बढाउन केन्द्रित छ । रुबियो मे २३ देखि आज २६ तारिखसम्म भारतमा रहनुहुने भएको छ । त्यस अवधिमा उहाँले भारतका बिभिन्न स्थानको भ्रमण पनि गरिसक्नु भएको छ । भारत भ्रमणमा आउनुअघि रुबियोले भारतलाई आवश्यक परेजति इनर्जी बेच्न अमेरिका इच्छुक रहेको र उत्पादन निर्यात ऐतिहासिकस्तरमा पुगेको उल्लेख गर्नँभएको थियो । इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक चासो र सुरक्षा सहकार्य तीव्रहुँदै गएको पृष्ठभूमिमा भारतले आज मे २६ मा क्वाड्रिलेट्रल सेक्युरिटी डाइलग (क्वाड) अन्तर्गतका विदेशमन्त्रीहरुको उच्चस्तरीय बैठक आयोजनागर्नु आफैमा अर्थपूर्ण रहेको छ । आजको बैठकलाई इन्डो-प्यासिफिक क्षेत्रमा सुरक्षा, विकास र बहुपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने प्रमुख कूटनीतिक प्रयासकारुपमा हेरिएको छ । क्वाडका सदस्य देशका विदेशमन्त्रिको दिल्ली जमघटलाई इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक साझेदारीलाई संस्थागतगर्ने महत्वपूर्ण अवसरका रुपमासमेत लिइएको छ । बैठक केवल बहुपक्षीय सम्वादमा सीमित नरही द्विपक्षीय कूटनीतिक सम्बन्ध विस्तारका लागि पनि केन्द्रविन्दु बन्ने पनि भनिएको छ । भ्रमणमा सहभागी मन्त्रीहरुले भारतका विदेशमन्त्री एस जयशंकरसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्तागर्ने कार्यक्रम पनि रहेको छ । भ्रमणमा सहभागी विदेश मन्त्रीहरुले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगसमेत भेटगर्ने आंकलन गरिएको छ । जसले कूटनीतिक छलफललाई थप राजनीतिक महत्व दिनेछ ।

यो भ्रमणलाई इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक साझेदारीलाई संस्थागतगर्ने महत्वपूर्ण अवसरकारुपमा लिइएको छ । यसअघि सन् २०२५ को जुलाई एकमा वाशिंटनमा भएको क्वाडको बैठकले तयगरेको कार्यढाँचामा आधारित रहेर आजको नयाँदिल्ली बैठक अगाडि बढाइने देखिएको छ । छलफलमा स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको अवधारणा, समुद्री सुरक्षा, नेभिगेसनको स्वतन्त्रता तथा नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रति प्रतिबद्धताजस्ता विषयहरुमा विशेष जोडदिइने जानकारहरुको भनाई बाहिर आएको छ । त्यसैगरी महत्वपूर्ण प्रविधि, जलवायु परिवर्तनसँग जुध्ने क्षमता विकास, पूर्वाधार विस्तार तथा आपूर्ति सञ्जाल मजबुतीकरणजस्ता विकासमुखी एजेन्डाहरुको प्रगति समीक्षागर्ने विषय पनि छलफलको केन्द्रमा रहने छन् । मुख्यत आजको बैठकमा इन्डो-प्यासिफिक क्षेत्रमा देखिँदै आएका नयाँ सुरक्षा चुनौतीहरु र विश्वव्यापी भू-राजनीतिक घटनाक्रमबारे विचार आदान-प्रदान गर्ने योजना रहेकाले त्यसमा नेपालको प्रशंग बिशेष रुपमा उठ्ने छ । क्वाडमा संलग्न चारवटै देशले हालको क्षेत्रीय अवस्थालाई ध्यानमा राख्दै सहकार्यलाई अझ व्यावहारिक र परिणाममुखी बनाउने लक्ष्य लिएका छन् । स्वतन्त्र र खुला इन्डो-प्यासिफिक अवधारणालाई संस्थागतगर्ने दिशामा आजको बैठकलाई निर्णायक चरणकारुपमा विश्लेषण गरिएको छ । अमेरिकी विदेश मन्त्री मार्को रुबियोले भारतलाई महत्वपूर्ण साझेदारभन्दै द्विपक्षीय सम्बन्धलाई थप गहिरो बनाउने अपेक्षा पनि व्यक्त गर्नुभएको छ ।

रुबियोले क्वाड बैठकलाई उच्च महत्व दिँदै यसलाई दुई ठूला लोकतान्त्रिक शक्ति समूहबीचको संस्थागत संवादको निरन्तरता भन्नुभएको छ । उहाँले विदेशमन्त्रीकारुपमा आफ्नो पहिलो बैठक पनि क्वाडसँगै भएको स्मरणगर्दै यस पटकको नयाँदिल्ली बैठक विशेष महत्वको हुने उल्लेख गर्नुभएको छ । उहाँले यस वर्षभित्रै फेरि अर्को चरणको बैठक हुने सम्भावना रहेको संकेतसमेत गर्नुभएको छ । नेपालमा रक्षा र गृह मन्त्रालयको कार्यभार प्रधानमन्त्रि वालेन्द्र शाहले आफै लिनुभएको छ भने राष्ट्रिय अनुसन्धान बिभागलाई पनि प्रधानमन्त्रिको कार्यालय मातहत राख्नुभएको देखिएको छ । यसरी गत भदौको आकस्मिक र आश्चर्यजनक घटना, त्यसैलाई आधार बनाएर मनोनित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसद भंग गरेर गराइएको गत फागुन २१ को निर्वाचन र त्यसबाट झण्डै दुई तिहाइ मतकासाथ सत्तामा आएको रास्वपाको सरकारले देशको सुरक्षाको मामिलामा फितलो निर्णय गरेका कारण नेपालीहरुका बीचमा देशको सुदुर भाग्य र भबिश्यका बारेमा बिभिन्न चिन्ता र चासोहरुलाई बढाएको छ । हालको अवस्थामा भारतको दिल्लीमा पाक्दै गरेको यस क्षेत्रको सुरक्षासँग सम्बन्धित खिचडीका बारेमा बिशेष ध्यान दिनुपर्ने भएको छ ।



# सूचक प्रकाशनको पाँच पुस्तक विमोचन

**–जयराम बिडारी**

जेठ ९, काठमाडौँ । 'सिर्जनाको खोजी, प्रतिभाको सम्मान,सूचचको राष्ट्रिय अभियान' नाराका साथ साहित्यिक उन्नयनमा लागिपरेको सूचक प्रकाशनले बालसाहित्यका चार पुस्तकहरू र निद्रा देउजाका कवितासङ्ग्रह गरी पाँच पुस्तक एकसाथ विमोचन गरिएको छ ।

सूचक प्रकाशनको संयोजनमा शब्दसरोवर डटकम, लोमश वाङ्मय प्रतिष्ठान,बालसंस्कार डटकम को संयुक्त आयोजनामा 'बालबालिकामा पठन संस्कृति विकासका लागि राष्ट्रिय बालसाहित्य अभियान' अन्तर्गत प्रकाशित पुस्तकहरूको विमोचन गरिएको हो ।

ग्रीन लिफ फुड क्याफेमा आयोजित कार्यक्रममा प्रमुख अतिथि लगायत अतिथिहरूले साहित्यकार जलेश्वरी श्रेष्ठको बालकथा 'सुनपरी', विमलादेवी अधिकारीको बालकविता 'जून' दीपक भेटुवाल 'दीपसागर'को बालकथा 'लड्डुको खोज', सुशीला देउजाको बालकथा 'काले', र निद्रादेवी देउजाको कविताकृति 'अमूर्त घर' एकसाथ लोकार्पण गरे ।

प्रमुख अतिथि साहित्यकार प्रमोद प्रधानले साहित्यका क्षेत्रमा बालसाहित्य लेखनलाई साहित्यनै नमान्ने परिपाटी रहेको बताउँदै विगत केही समयदेखि उक्त भ्रम चिरिँदै गएको बताए । उनले बालकृतिमा उपदेशात्मक भावका लेखनले बालबालिकामा सकारात्मक प्रभाव नदिने बताउँदै तिनलाई पढ्न रूचिकर हुने सामग्री प्रस्तुत गरिनुपर्ने बताए । समाजमा हराउँदै गएको पठन संस्कृति तर्फ ईङ्गित गर्दै प्रधानले भने अभिभावक आफैं किताब पढ्दैनन् अनि केटाकेटीलाई पढ् पढ् मात्र भनेर सार्थक परिणाम नआउने उनको कथन थियो ।

सो अवसरमा 'सुनपरी' र 'काले' को समीक्षा गर्दै डा.नवराज रिजालले भविष्यका कर्णधार बालबालिकाहरूको चेतनालाई समष्टिगत रूपमा मध्यनजर गर्दै बालबालिकामा सकारात्मक प्रभाव पार्ने कृतिका रूपमा सुनपरी पाठकमाझ ल्याइएको उल्लेख गरे ।यसैगरी बालकथासङ्ग्रह 'काले' बारे उल्लेख गर्दै संवेदना,सहानुभूति,स्वाभिमान र आत्मविश्वासका पाटोलाई सवल रूपमा उठान गरि लेखिएको बताउंदै यस्ता सामग्रीहरूले पठन संस्कृतिलाई मलजल गर्ने बताए ।

बालकवितासङ्ग्रह 'जून' र 'लड्डुको खोज' कथासङ्ग्रहका बारे समीक्षात्मक धारणा राख्दै डा.शैलेन्दुप्रकाश नेपालले 'जून' कवितासङ्ग्रह लयमा ढालेर गाउन मिल्ने सरल र सन्देशमुलक कविताहरू रहेको बताए । बालउपन्यासको ढाँचामा लेखिएको बालकथा 'लड्डुको खोज' स्वेरकल्पनामा आधारित सन्तुलित, सुन्दर र प्रवाहपूर्ण बालकथाले पठन संस्कृतिलाई बढावा दिन सक्षम हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा 'अमूर्त घर' कवितासङ्ग्रहबारे चर्चा गर्दै अर्का वक्ता माधव घिमिरे 'अटल'ले कवि देउजाका यस अघि प्रकाशित भइसकेको अदृश्य हावा कवितासङ्ग्रह छोटो समयमै दोस्रो कृतिका रूपमा आएको 'अमूर्त घर' प्रतीकात्मक कविता रहेको औंल्याउँदै दोस्रो कृति प्रकाशित हुनु उनको सिर्जनशीलताको दसी रहेको बताए । उनले आत्मानुभूति मा लेखिएको कवितासङ्ग्रहको काव्यिक सफलताका निम्ति शुभकामना व्यक्त गरे ।

उक्त कार्यक्रममा डा. छायादत्त न्यौपानेले प्रविधिको प्रयोगले कमजोर हुँदै गइरहेको पठन संस्कृतिलाई पुनर्जीवित गर्नुपर्ने बताउँदै हरेक घरबाटै फेरि यसको विकास गरिनुपर्नेमा जोड दिए । उनले एक व्यक्ति र साहित्यको अभियानले धेरै केही गर्न नसकिने बताउँदै सवैले सामूहिक रूपमा पठन संस्कृतिलाई मलजल गरिनुपर्ने आवश्यकतामा जोड दिंदै पठन संस्कृतिका विविध पक्ष माथि प्रकाश पार्दै जीवन पढ्नु पनि सार्थक पढाई हुने बताएका थिए ।

कार्यक्रममा प्रकाशन संस्थाका प्रमुख दीपक भेटुवाल दीपसागरले बालबालिकामा पठन संस्कृतिको विकासका निम्ति आफूहरूले ***'एक हात एक पुस्तक एक घर एक पुस्तकालय'*** को अवधारणा अनुरूप काम गर्दै आएको बताए । उनले भाषा, कला र साहित्यको माध्यमबाट समाजलाई निरन्तर जोड्ने सेतुको रूपमा कार्य गर्ने सिलसिलामा लोमश वाङ्मय प्रतिष्ठान, शब्दसरोवर डटकम तथा बालसंस्कार डटकम जस्ता साझेदार संस्था संगको सहकार्यले आगामी दिनमा अझै परिष्कृत रूपमा अघि बढ्न बताए ।

कवि विमलादेवी अधिकारीले निकै अघि लेखिएका आफ्ना कविताहरूलाई केही परिमार्जन गरेर पुस्तकाकारका रूपमा प्रस्तुत गरिएको बताउँदै यथोचित प्रतिक्रिया अपेक्षित रहेको बताइन् । यसैगरी कार्यक्रममा अर्का कवि निद्रा देउजाले आफू कुनै साहित्यकार नरहेको तर साहित्य आफ्ना ठूलै प्राप्ति र उपलब्धि बताउँदै अमूर्त घर कवितासङ्ग्रहबाट रचना वाचन गरिन् ।

सो अवसरमा पठन संस्कृति विकासका लागि राष्ट्रिय बाल साहित्य अभियान अघि बढाउने जानकारी गराउँदै सो को औपचारिक घोषणा जेठको अन्तिम हप्तातिर गरिने जनकारी गराइएको थियो ।

अमर कीर्तिमानीको स्वागत मन्तव्य, गङ्गा खतिवडा र अप्सरा केसीद्वारा अतिथिहरूलाई खादा अर्पण तथा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानका अध्यक्ष विजयराज न्यौपानेको शुभकामना मन्तव्य रहेको उक्त

## गजल

अग्लो त्यो पहाड कोही चढे पो हुन्थ्यो !
जे जे देखिन्थ्यो क्षितिजमा पढे पो हुन्थ्यो !!
आफ्नै जीवनसित पनि यतिविघ्न निराश !
कैले-काहीं परिस्थितिसंग लडे पो हुन्थ्यो !!
मंजुर थिएन भने कसैको अन्ध-अनुकरण !
परिभाषा आफ्नै कुनै नयां गढे पो हुन्थ्यो !!
ठेस लागे अचानक उठने छौ कुन्नि कसरी !
थाहा पाउन कुनैदिन आफै लढे पो हुन्थ्यो !!
बिरालोको घांटीमा घन्टी बांध्ने पो कसले !
छन् कि कोही ? भए अघि बढे पो हुन्थ्यो !!



**ज्ञानुवाकर पौडेल**

# साहित्यकार इन्दिरा प्रसाई





*अरूणबहादुर खत्री*

बुबा गणेशप्रसाद शर्मा र आमा दुर्गादेवी नेपालको कोखबाट जन्मिनु भएकी नारी साहित्यकार इन्दिरा प्रसाईको जन्म २०१४ साल फागुन ३ गतेका दिन दार्जिलिङ, भारतमा भएको हो । शिक्षाको हकमा उहाँले एम.बी.ए. त्रिभुवन विश्वविद्यालयबाट प्राप्त गर्नु भएको छ । उहाँले स्वदेशका विभिन्न जिल्लाका साथै विदेशका भारत, दक्षिण कोरिया, बेलायत, अमेरिकामा भ्रमण गर्नुभएको छ । उहाँको कृति संख्या हालसम्म ५६ वटा पुगेकोछ । उहाँका प्रकाशित कृतिहरूमा कथासङ्ग्रह मन सायद उघ्रदैन (२०५१), बयान (२०५५), दोस्रोसत्ता (२०६२), मेरो कथा नलेखिदिनु (२०७४), बघेनी (२०७९) प्रकाशित भएका छन् । उपन्यास विश्वामित्र (२०५५), रनमाया (२०५८), शिखा (२०५९), उसको लोग्ने र बिरालो (२०६०), उसको लोग्ने र बिरालो (अमेबिक भाषा: दृण्ज्ञण ब्म प्रकाशित भएका छन् । कवितासङ्ग्रह बाईपङ्खी घोडा (२०५७), तिमी हुनुको (लामोकविता: २०५७), नेपाल न्यूज डट कम (२०५९), माल्दाइलाई चिठी (२०६१), ए समुद्र ! (लामोकविता: २०६३), शारदा (लामोकविता: २०६९), धिपधिप (अर्ग्यानिक कवितासङ्ग्रह: २०७७) प्रकाशित भएका छन् भने हरिमाया खण्डकाव्य २०७४ प्रकाशित भएको छ । उहाँको प्रिय नरेन्द्र नामक समीक्षात्मक पत्रनिबन्ध (२०६१), मेरी सासू (२०६५), भागीरथा प्रसाईको निर्वाण जीवनीमूलक निबन्ध (२०६९), उषा शेरचनको सङ्खघोष समीक्षा (२०७२), विश्व नारी नेपाली स्रष्टाकोश (२०७१) प्रकाशित भएका छन् । उहाँले मेरा जीवन: मेरी कहानी (२०५४) नेपालीभाषाबाट हिन्दी भाषामा अनुवाद गर्नुभएको छ ।

उहाँले सम्पादन गरेका पुस्तकहरू भारती खरेल: सृजना र समीक्षा, पौरखी पुरूष, एउटा अमर प्राज्ञ: बालकृष्ण सम, रूद्रराज पाण्डे: सृष्टि र दृष्टि, गणेश गुरू: साधनादेखि समाधिसम्म, भूपाल अर्चना, उकाली ओरालीहरूमा तारादेवी, ईश्वर बराल: कृति र कीर्ति, श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व, सङ्गीतशिरोभूषण : नातिकाजी, ईश्वरवल्लभ: आयाम र आकृति, कमल दीक्षित: कालो अक्षरदेखि सग्लो अक्षरसम्म, मिश्रका कृति: कविता दृष्टि, त्रिमूर्ति निकेतन, शरदचन्द्र भट्टराईको इतिवृत्त, देवकोटा शताब्दी कविता, देवकोटाको राष्ट्रिय चिन्तन, नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार, विश्वनारी नेपाली साहित्यको रेखाङ्कन, चौध अञ्चलमा नारी साहित्य, वानीरा गिरीको कृतिस्तम्भ, कवितामा वानीरा, विश्वनारी साहित्य समीक्षा, भानुभक्त दुई सय वर्ष, बगेको खोला, नरेन्द्रराज प्रसाईकृत भानुजीवनी: मूल्य र मान्यता, अविश्रान्त साधक: घटराज भट्टराई, कवितामा घटराज भट्टराई, राष्ट्रकविको सय वर्ष, देशभक्त राजनेता कीर्तिनिधि बिष्ट आदि हुन् ।

उहाँले कथाक्रम त्रैमासिक २०४१ देखि २०४३, प्रज्ञापत्र मासिक २०५३ देखि २०५५ र भानुमोती वार्षिक २०५६ देखि २०६३ पत्रिका सम्पादन गर्नु भएको छ । साहित्यकार इन्दिराले युवावर्ष मोती पुरस्कार (२०५१), मैनाली कथा पुरस्कार (२०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), राष्ट्रिय गौरव युवासम्मान (२०५३), भानुभक्त सम्मान (२०६२), भद्रकुमारी घले पुरस्कार (२०६४), दीपज्योति पुरस्कार (२०६७), देरूनीख पुरस्कार (२०६७), भानुभक्त स्वर्णपदक (२०७१), भानुभक्त प्रज्ञा पुरस्कार (२०७१), भारती खरेल पुरस्कार (२०७३), चन्द्रबहादुर गुरूङ पुरस्कार (२०७५), धनमान लघुकथा पुरस्कार (२०७६) र बासुशशि पुरस्कार (२०७७) पाउनु भएको छ भने २०७७ सालदेखि नेपाली भाषासाहित्यका कुनै पनि पुरस्कार ग्रहण नगर्ने निर्णय गर्नुभएको छ ।

साहित्यकार इन्दिराले गद्दीआरोहणको रजतमहोत्सव पदक (२०५३), प्रबल गोरखादक्षिणबाहु (२०५७), वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५८) पाउनु भएको छ । उहाँ नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनको संस्थापक तथा अध्यक्ष हुनुहुन्छ । उहाँ २०६२ सालमा गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षमा, श्री ५ को सरकारको सल्लाहकारमा २०६२ देखि २०६३) भानुभक्त द्विशतवार्षिकी कार्यकारी समिति नेपाल सरकार २०७१ मा नियुक्ति र मनोनित हुनुभएको थियो । उहाँले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पन विराटनगरमा २०४७ देखि २०५१ र पशुपति बहुमुखी क्याम्पस, काठमाडौंमा २०५६ देखि २०७१ सालसम्म प्राध्यापन गर्नुभएको थियो ।

इन्दिरा प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र सुरेन्द्र भट्टराईले इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०५५), शीतला काफ्लेले उपन्यासकार इन्दिरा प्रसाई (२०६७), सुभद्रा सापकोटाले रनमाया उपन्यासमा विधातात्विक अध्ययन (२०७६), शशिकला रोकाहाले उसको लोग्ने र बिरालो उपन्यासमा पाधविधान (२०७७) र रञ्जिता दाहालले उसको लोग्ने र बिरालोको विधातात्विक अध्ययन (२०७९) गरेका थिए ।

# वशिष्ठजस्तै गुरू पाएमा विद्यार्थी पक्कै राम बन्छ

समयको महत्व बुझे भविष्यमा राम्रो काम बन्छ
एकलव्य जस्तो विद्यार्थीको संसारभरि नाम बन्छ
अनुशासित अनि आज्ञाकारी हुनुपर्छ विद्यार्थीहरू
वशिष्ठजस्तै गुरू पाएमा विद्यार्थी पक्कै राम बन्छ



**- अरूण कुमार भुलेल, कालेबुङ**

मेरो देश तेरो देश भन्दै हिड्छन यहाँ कति
बस्दै हेर्दछन् देशमा, बिग्रिएको चाल जति
काम असल भए, अघि सर्दै फुर्ति देखाउँदै
फोहोरी खेलखेल्छन् कुर्सी थाम्दै जाली कति ।



**- चन्द्रकला आचार्य**

मनभरि पीडा वेदना खात बनेर आउँछ
ठीक त्यही बेला दिन रात बनेर आउँछ
जब सम्झन्छु आमा, देश अनि सन्तान
नयनबाट मेरा आँसु वर्षात बनेर आउँछ ।



**- शारदा पौडेल, स्पेन**

सत्मार्गमा हिड्ने गरौं साक्षी राखी आत्मा
देव, दानव के बन्ने हो मान्छेकै छ हातमा
आस्था नै त रैछ आखिर ईश्वर भन्नु पनि
खोजौं आफ्नै हृदयको भित्र परमात्मा ।



**- गंगा आचार्य**

यी हातहरूलाई फेरि परेली छुन मन छैन
कोही कसैको यो दुनियाँमा हुन मन छैन
जुन दिन म मात्र मेरो हुँ भन्ने थाहा पाए
साँच्चै कसैको लागि अब रून मन छैन ।



**- अर्जुन अधिकारी**

ती नजरमा मेरै निम्ति उर्लिएको प्यार देखें
दुनियाँमा अरूको भन्दा फरक आफ्नो यार देखें
मायाँबिना वसन्ती मरूस्थल झैं उजाड हुन्छ
तिमीमा नै मैले मेरो जिन्दगीको सार देखें ।



**- पुष्पा केसी भण्डारी**

आउँदो रहेछ समय समयमा उडाइ लैजाने हुरी
कसैले ममात्र हो भनि नगरे हुन्छ धेरै चुरीफुरी
समयसँगै बडारबुडुर हुने रहेछ सबथोक यहाँ
यसो गर्ने जेन्जीलाई धन्यवाद दिउँ मुरीका मुरी



**- पवनकुमार बुढाथोकी**

मिल्दैन तिमीसँग साथ भनी छोड्यो उसैले
आफ्नो औकात आफैले बोल्यो उसैले
तिम्रो अहंकारवादी चिन्तन देख्छन् सबैले
आफ्नै आनीबानीको पोल खोल्यो उसैले ।



**- देवकी तिमिल्सिना समीक्षा**



*सम्पत्ति छानबिन आयोगसँग छलफलमा प्रधानमन्त्री*

सन्ध्याकालीन
www.sandhyakalin.com
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np पढौं
लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## संसद किन जाने, किन नजाने ?

३७ वर्षको बहुदल र अवैध तरिकाले स्थापित गरेको गणतान्त्रिक लोकतन्त्र वास्तवमा सडेको अण्डाजस्तै हो । कुनै पनि तरिकाले यो स्वास्थ्यकर हुनैसक्दैन । संसद पद्धतिको मियो, संविधानको श्वास हो । जुन संविधान गत भदौ २३ र २४ गते मऱ्यो, गणतन्त्रका शीर्ष नेतृत्वहरू दुलो पसेर ज्यान जोगाउन बाध्य भएका थिए, तिनले संसदको सर्वोच्चताको कुरा गर्नु हास्यास्पद छ । हो, जनताको सर्वोच्च प्रतिनिधिस्थल संसद, जनादेशको मर्यादा र प्रजातान्त्रिक पद्धतिका लागि उच्च हैसियत स्थापित हुनैपर्छ । त्यो हैसियत स्थापित हुन, जनप्रतिनिधिहरूको हैसियत पनि नैतिकवान हुनैपर्छ । जसले ३७ वर्षसम्म संसदलाई मकै नङ्ग्याएझैं नङ्ग्याए, स्वार्थशिद्धिका लागि नीति, नैतिकता, सिद्धान्त र चरित्र बिनष्ट गर्ने थलो बनाए । यही राजनीतिक बेइमानी, अपराधले संसद सडेको अण्डाजस्तै बनेको हो ।

नयाँ संसद आएको छ, नयाँ सरकार पनि बनेको छ । सडेको संसदलाई जवाफदेही र मर्यादित बनाउनका लागि सामान्य धामी, झाँक्री वा कम्पाउण्डरको उपचारले सम्भव छैन । पोष्टमार्टम नै गर्नुपर्छ, डाइग्नोसिस नै गर्नुपर्छ र सर्जरीका माध्यमबाट सामुहिक उपचारविधिमा लैजानुपर्छ । तवमात्र संसदको यो पतनमुखी अनुहार र सड्ने गल्ने अवस्थाको उपचार सम्भव छ । आइन्दा संसदलाई केही स्वार्थसमूहको खटनपटनमा दुरूपयोग हुने संस्थाबाट मुक्त पार्नैपर्छ । रास्वपा र बालेन सरकारले खिइँदै र बिचलित हुँदै गएको प्रभावबाट संसदलाई मुक्त गराउने प्रयास गर्नुपर्छ । यो प्रकृया सुसशासनकै पहिलो प्राथमिकता पनि हो ।

हो, प्रधानमन्त्रीले संसदलाई महत्व कम दिएको आरोप छ । मन्त्रीलाई खटाउने र आफू काममा खटिएको उनको तर्क सामाजिक सञ्जालबाट बुझिन्छ । तथापि प्रश्न उठ्छ- प्रम बालेन साह किन निरन्तर संसदमा अनुपस्थित छन् ? उनी संसद र संसदीयतालाई सकृय र मर्यादित बनाउन अग्रसर कहिले हुन्छन् ? रास्वपाभित्र पहिले संसद सकृय र मर्यादित बनाउनेबारे विषद छलफल हुनुपर्छ, त्यसपछि प्रधानमन्त्रीले संसदप्रति जवाफदेहीता देखाउनुपर्छ । यसपछिमात्र प्रम बालेन र रास्वपाले जगाउन खोजेको परिवर्तनको मामिला आमजनताले थाहा पाउनेछन् ।

त्यसो त प्रम बालेन साह नियमित रूपमा कार्यालय जान्छन्, जसले तमाम कर्मचारीतन्त्रलाई समेत जिम्मेवार बनाउँदै लगेको देखिन्छ । निवासलाई निवास र सिंहदरवारलाई निर्णायक थलो बनाएकै छन् । खासगरी २०६३ सालमा संसद पुनर्स्थापना, २०६५ सालमा गणतन्त्र कार्यान्वयन गरेपछि संविधानसभा र २०७२ मा संविधान जारी गरेपछि संसद र संसदीय मर्यादा धुलिसात हुनपुगेको थियो । अपराधिक तत्वहरू प्रधानमन्त्रीको बेडसम्मै पुग्ने र प्रम तथा राष्ट्रपति निवासमा समेत पार्टी, गुठी, नाचगाना र तीजको गानाबजाना थलोसमेत बनाइएकै हो । २ आवधिक निर्वाचनबाट समेत कुप्रवृत्तिहरूमा सुधार आएनन् । ०४६ सालपछि जे जे असंसदीय र अमर्यादित राजनीतिक र प्रशासनिक कृयाकलाप देखिएका थिए, ०६३ को परिवर्तनपछि पनि तिनमा ब्रेक लागेनन् । जे गरे पनि हुन्छ भन्ने प्रवृत्ति विकास भयो, भ्रष्टाचार र नेपोटिजम यसरी मौलायो कि रोक्न कसैले अगुवाई लिएनन् । संसद असहाय बन्यो, सरकार बाहुबली चरित्र देखाउन थाल्यो । यसलाई राजनीतिक जित ठान्ने कांग्रेस, एमाले, माओवादी र अन्य दलहरू यही दलदलमा भासिदै गए । निरन्तर संसद र सांसद पदको अवमूल्यन गर्ने यिनै थिए, जसको रोग यति क्रोनिक बन्यो कि गत भदौ २३ र २४ गते जेनजीले हस्तक्षेप गर्नुपऱ्यो ।

हुनसक्छ, यो कुप्रवृत्ति चिर्न प्रम बालेन साह ठूलै अपरेशनको तैयारीमा हुनसक्छन् । प्रम बालेनको सोचमा त्यो लुकेको छ भने अब देखिनुपर्छ । कसैले डाक्ने होइन, स्वयम् प्रधानमन्त्रीले संसदको गरिमा बचाउनुपर्छ, बनाउनु पर्छ । यस कार्यका लागि सभामुख र सरकार, सरकार र सबै राजनीतिक दलहरूवीच संवाद र सहयोगी भावना हुनैपर्छ । सडेको संसदलाई पुनर्ताजगीकरण गर्न प्रम बालेन अघि सर्नुपर्छ । यही साइत जुराउन सायद प्रम बालेन साह भद्रो हेर्दैछन् भने अनुशासनहीनहरूले देखाउनसम्म दयनीयत दृश्य देखाइसके । बालेन रोग बुझ्दैछन्, बुझे होलान् । सरकारको सय दिन पनि पुग्नेछ, संसद पनि संसदजस्तो देखिनसक्छ । देखिनुपर्छ ।

# सुनारको सय चोट, लोहारको एकै चोट

संसद भनेको रास्वपा र प्रम बालेन साहको उछित्तो काढ्ने थलो बनेको छ । जसले ०४६ सालपछि र ०६३ को परिवर्तनपछि संसदलाई स्वार्थको थाङ्नो बनाएका थिए, तिनैले रास्वपा र प्रम बालेन साहलाई संसदीय मर्यादा, गरिमा पढाइरहेका छन् । रास्वपा र प्रम बालेन साहको बिरोध गर्न पाए सगरमाथा विजय गरेजस्तो सौच्नेहरू संसदमा ताण्डब मच्चाइरहेका छन् । प्रम बालेन साह यी सबै परिदृश्य हेरेर सामाजिक सञ्जालमार्फत प्रतिकृया जनाइरहेका छन् । प्रतिपक्षीहरू प्रमलाई संसदमा आउने वातावरण बिथोलिरहेका छन् ।

हो, प्रधानमन्त्री संसदप्रति उत्तरदायी बन्नैपर्छ । यही हो संसदीय संस्कार । तर संसदलाई बाँदरको हातमा नरिवल संस्कृति बनाउनेहरू अझ पनि संसदको चीर हरण गर्न उद्दत छन् । एकथरिलाई गणतन्त्र जाला भन्ने पीर छ, अर्कोथरिलाई रास्वपा र बालेन साहलाई असफल पारेर सत्तामा पुग्न हतारो देखिन्छ । यहीकारण लोकतन्त्र लोकतन्त्र भन्नेहरूले सरकारले पाउनैपर्ने हनिमुन पिरियडसमेत कुर्न सकेनन्, सत्तामा पुगेको हप्तादिनपछि नै सरकारको आलोचना गर्न थालेको देखिएको हो । कदापि यो परिपाटी सभ्य संसदीयपन हुँदै होइन ।

संसदलाई कुहिएको अवस्थामा पुऱ्याएका यिनैले हुन् । यो गनाउने स्थितिलाई सुधार्ने जिम्मा सभामुख, सरकार प्रमुख र जिम्मेवार राजनीतिक दलहरूकै हो । हिजो सांसद पद दाइजोमा समेत दिनेहरू आज रास्वपा र बालेन साहको बिरोध गरिरहेका छन् । नैतिकता हिजो थिएन, सभ्यता र जिम्मेवारी हिजो थिएन । यो स्थितिबाट मुक्त पार्न प्रम बालेन साह तैयारी गर्दै होलान् । भ्रष्टाचारीलाई कुनै हालतमा छाड्दिन भनेर २ महिना नपुग्दै अनेक देशभक्त निर्णय गरेका कारण सातो गएका भ्रष्टहरू प्रम बालेन र रास्वपाभित्र झगडा गराउन र असफल पार्न न्वारानदेखिको बल लगाइरहेका छन् । हुन सक्छ, केही दिनमै ०४६ सालपछि राजनीतिमा हालीमुहाली भएर मनलाग्दी रजगज गरेकाहरूमाथि सरकारले ठूलै अपरेशन चलाउने तैयारी गरेको छ । सुनारको सय चोट लोहारको एकचोटको थप्पड खानुपर्ला भनेर भ्रष्टहरू आत्तिएका हुनसक्छन् । टाउको दुख्दा विदेशमा उचार गर्न राष्ट्रिय ढुकुटी लुट्नेहरूले करोडौं करोड फिर्ता गर्न थालिसकेका छन् । सहकारी पीडितले फिर्ता पाउने ढोका खुलिसकेको छ । असली सुकुम्वासीहरूले लालपूर्जा पाउने भएका छन् । ट्रेड युनियन खोलेर प्रशासन र युनिभर्सिटीलाई पार्टीका कार्यकर्ता उत्पादन गर्ने कारखाना बनाउने काम रोकिने भएका छन् । यसकारण पनि पुराना दलहरू जो असफल भए, तिनीहरू अत्तालिएका हुनसक्छन् ।

यसकारण त नेपाली राजनीतिमा, संसदमा जे दृश्य देखिएका छन्, यी दुश्य ठूलै आँधी आउनुअघिका संकेतहरू हुन् भन्छन् विश्लेषकहरू । उता अमेरिका र इरान, इजरायल र इरानवीचको युद्धविराम कुनै पनि बेला सुरू हुनसक्छ । एटम बम पड्किदैन भन्न सकिदैन । यता नेपालमा संसद, सडक, सर्वोच्च अदालतमा रास्वपा र प्रतिपक्षीवीच युद्ध चर्केको छ । आफ्ना स्वार्थका सेटिङहरू भत्किदै गएकोमा प्रतिपक्षीहरूको निद हराम हुनपुगेको छ । असन्तुलित तर स्वार्थी चाल र तालमा प्रतिपक्षीहरू रास्वपा सरकारमाथि धावा बोलिरहेका छन् । दुई महिना नपुग्दै प्रतिपक्षीले अपार र ५ वर्षका लागि काम गर्ने जनादेश पाएको रास्वपामाथि हमला गरेर अराजकता निम्त्याएका छन् । यसले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकावीचको शक्ति सन्तुलन असन्तुलित हुँदैगएको छ । हार्वर्ड पढेकी भनिएकी कामु न्यायाधीश सपना प्रधान मल्लले 'युद्ध बाँकी छ' भनेर अराजक स्थितिलाई आगोमा घ्यू हालेपछि एकैदिनमा सुनवाई, सपथ र पदबहालीसमेत नयाँ प्रधानन्यायाधीशले भ्याएका छन् । यसपछि पनि सरकारलाई असहयोग हुने काम भयो भने कसकसमाथि 'महाभियोग' लाग्ने हो, भन्न सकिदैन । प्रतिपक्षीले साना दल र सडकमा हुकुमवासी नामका सुकुमवासीलाई उचालेर प्रम बालेन साहले राजीनामा दिनुपर्छ भन्ने माग गरिरहेका सुनिन्छन् । यो हुँडलो कतिदिनलाई ?।

६ जनामा जसलाई रोजे पनि हुन्छ भनेर न्यायपरिषदले सिफारिस गरेको र संवैधानिक परिषदले चौथो नम्बरका न्यायाधीशलाई प्रधानन्यायाधीशमा नियुक्त गर्न चयन गरेपछि २०९२ सालसम्म रोलक्रम मिलाएको षडयन्त्रको पर्दाफास हुनपुगेको छ । यसपछि उनीहरूको मानसिकता खलबलिनु स्वभाविक थियो । जुन कुरा समाजमा र स्वतन्त्र बुद्धिजीवीहरूमा अपाच्य हुन पुगेको छ ।

दक्षिण एसियामा मात्र होइन, अमेरिकी अदालतमा समेत प्रम बालेन साहको नाम लिन थालिएको छ । जसले अमेरिका बस्न असाइलम गरेका थिए, तिनलाई अमेरिकी न्यायाधीशले बालेन साहजस्ता व्यक्तिको उदय भइसकेको छ, नेपाल फर्के हुन्छ भनेर सुझाव दिनु भनेको चानचुने कुरा होइन । तर केही दलीय स्वार्थ बोकेकाहरूले बालेनले सुकुम्वासीलाई नाना, खाना, छानाबिहीन बनायो, अमानवीय व्यवहार देखायो भनेर झ्याँई झ्याँई पारिरहेका छन् । जब कि रास्वपा, सभापति र सांसद, बालेन नेतृत्वको सरकारले भनिरहेको छ, तत्कालका लागि मासिक १५ हजार भत्ता, खानबस्न, बालबालिकालाई स्कूलको व्यवस्था गर्ने र दशैंसम्ममा सबै सुकुमवासी पहिचान गरेर लालपूजा नै दिइनेछ ।




समाज परिवर्तन गर्ने राजनीतिमा नैतिकता हुनैपर्छ । बहुदलपछि राजनीतिका लागि राजनीति र सत्ता राजनीति गर्नेहरूले लाजनीति पनि बिर्सिए । राजनीति र सत्तालाई बाँदरको हातमा नरिवल भन्ने उखानजस्तो बनाए । यति ठूलो जेनजी आन्दोलन भयो, जसले कुनै कुरा बाँकी राखेन, तैपनि नेपाली समाजमा प्रचलित उखानजस्तो - कुकुरबो पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा राखे पनि बाङ्गाको बाङ्गै भनेजस्तो देखियो ।

प्रचलन छ, सरकारलाई सय दिन बिरोध नगर्ने प्रजातान्त्रिक मर्याद पनि भुलेर संसदमा नाराबाजी, ब्यानर प्रदर्शन र सडकमा सरकारको चर्को आलोचना गर्न थालेका छन् । जुन गोरूको सिङ छैन, उसको नाम तिखे भनेजस्तै जुन नेताहरूको नीति, नैतिकता र सिद्धान्त स्खलित भएका छन्, तिनै नेताहरू परिर्वनको एजेण्डा बोकेर आएको रास्वपा र बालेन साहलाई शिक्षा दिइरहेका देखिन्छन् । प्रधानमन्त्री बालेन साहले काम गर्न देउ भन्दा पनि काममा बाधा हाल्ने प्रतिपक्षीहरूको हर्कत आमनागरिकलाई मनपरेको देखिदैन । संविधान छैन, संविधान बहसपत्र तैयार भइरहेको छ, उस्तै परे रास्वपा र प्रम बालेन साहले जनमत संग्रह घोषणा गरिदिए भने के होला ? जसले काम गर्न बाधा गरिरहेका छन्, तिनीहरूमाथि रास्वपाले निर्णायक शक्ति देखाइदियो भने स्थितिले कुन मोड लेला ? प्रतिपक्षीहरूले जसरी पनि रास्वपा र प्रम बालेन साहलाई असफल पार्नैपर्छ भन्ने एकसूत्रीय नीति लिनु भन्दा कसरी प्रम बालेन साहलाई संसदीय संष्कृति बसाल्न उत्प्रेरित गर्ने र बालेन साहले पनि त्यसप्रकारको व्यवहार देखाउनु आजको आवश्यकता हुनुपर्ने हो ।

सबैलाई थाहा छ, मरेको संविधानले प्रम बालेन साह र रास्वपालाई केही गर्न सक्दैन । संविधान संशोधन भयो भने बालेन साह अझ शक्तिशाली बन्नेछन् भन्ने बुझेका र जनताबाटै किनारा लगाइएकाहरूको सातो गएको परिणति हो, चुनावपछिको झण्डै दुई तिहाइको पार्टीलाई धरापमाथि धराप थापेर देशमा अराजकताको आगो फुकिरहेका छन् ।

गत भदौ २३ र २४ मा सडक विद्रोह, त्यसपछि चुनावी बिद्रोहपछि रास्वपाको सरकार आयो । यो सरकार परिवर्तन दिन्छु भनेर आएको हो । परिवर्तन गर्न रोक्नु भनेको राष्ट्रिय अपराध नै हो

हिजोका दिनमा नैतिकता र निष्ठाका सीमाहरू पल-पल धराशायी पार्दै किनारा लागेकाहरू जनताले खोजेको परिवर्तन रोक्न खोज्नु भनेको फेरि अर्को बिद्रोहलाई निम्त्याउनु हो । लुट गर्ने र परिवर्तन बिरोधीहरू जसले ३७ वर्षमा कुनै परिवर्तन दिन सकेनन्, तिनले देश र जनतालाई दिनुसम्मको दुःख दिएकै हुन् । भन्नलाई यी असफल पुराना नेताहरू लोकतन्त्र लोकतन्त्र भनिरहेकै छन्, लोकतन्त्रको अन्तिम सत्य भनेको देश र जनता हुन् । बालुवामा टाउको घुसारेर बलवानको आत्मरतीमा रमाउने सुतुरमुर्ग र पुराना दलहरू उस्तै उस्तै हुन् । तिनीहरू अहिले पनि नयाँ शक्ति, नयाँ परिवर्तनलाई परास्त पार्न न्वारानमा खाएको घीउको बल निकाली रहेका छन् । उनीहरू बालेन्द्र सरकार भाग्यो, मर्यादा नाघ्यो भनेर चिच्याइरहेका छन् । तिनले बालेन्द्र सरकारले भ्रष्टाचार गऱ्यो भन्न सकेका छैनन् । सुशासन दिन खोजेन भन्न सक्ने आँट देखिन्न तिनमा । संसदप्रति जवाफदेही भएनन् भनेर बिरोधका लागि बिरोध गरिरहेका छन् । जुन साह्रै नै अपाच्य विषय हो ।

२०६५ सालमा जनताले खोजेकै हुन् भने भन्दै राजाले सरक्क गद्दीबाट पन्छिदिए । तर लोकतान्त्रिक गणतन्त्रको १७ वर्षभित्र जुन दर्दनाक र पीडाजन्य घटनाक्रम देखिएका छन्, देश असफलताको कृष्णभीरमा पुगेको छ । त्यसपछि जनता जागेका हुन् । यो परिवर्तन आएको हो । यो जनचाहनामाथि लुटतन्त्रको दाग लागेकाहरूले हमला गर्नु लज्जा पनि लजाउने विषय हो । वास्तवमा सरकारले भ्रष्टाचारको फाइल खोल्दै छानबिन थालेपछि भ्रष्टहरू नराम्ररी आत्तिएका छन् ।

पुराना दलहरूले राजनीतिकरण गरेका न्यायपालिकादेखि सबै राज्यसञ्जालहरूबाट दलीयकरण हटाउन खोज्दा पुराना दलहरूले तीन लोक चौधभुवन देखेका छन् । उनीहरू नराम्ररी रिसाएका छन् र आफूजस्तै अलोकप्रिय र जनविरोधी रूपमा रास्वपा र बालेन्द्र साहलाई देखाउन खोजिरहेका छन् । प्रम बालेन्द्रले भनेका छन्- भाषणले देश बन्ने भए पुरानाले गर्नुसम्मको भाषण गरेकै हुन्, देश बनेन, सुशासन भत्कियो । अपराध मौलायो । मलाई मार्न खोज्नेहरूसँग समेत म डराउन्न । म काम गर्न आएको हुँ, काम गर्छु । भ्रष्टहरूलाई खोरमा नजाकी छोड्दिन । अर्थात् उता अमेरिका-इरान, यता रास्वपा-प्रतिपक्ष युद्ध सुरू भएको छ । यो युद्धले स्थिति काबु बाहिर जानसक्छ, देशले अर्को महगो मूल्य चुकाउनु नपरोस् । चेतना भया ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# विश्व एड्स दिवस २०२६ एचआईभी मुक्त भविष्यको सपना






डा. केदार कार्की,
वरिष्ठ पशु चिकित्सक।

एचआईभी विश्वव्यापी रूपमा खतरनाक विश्वव्यापी जनस्वास्थ्य समस्याको रूपमा देखा परिरहेको छ। एचआईभीले मानव शरीरको प्रतिरक्षा प्रणालीमा आक्रमण गर्छ र यदि उपचार नगरिएमा एड्समा परिणत हुन सक्छ। एड्स पहिलो पटक १९८१ मा संयुक्त राज्य अमेरिकामा रिपोर्ट गरिएको थियो र यो चाँडै विश्वव्यापी महामारीको रूपमा परिणत भएको छ। एड्स एक यस्तो अवस्था हो जसले शरीरको संक्रमणसँग लड्ने क्षमतालाई गम्भीर रूपमा कमजोर बनाउँछ, जसले गर्दा व्यक्तिलाई क्षयरोग, विभिन्न संक्रमण र क्यान्सर जस्ता रोगहरूको जोखिम बढ्छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार, हाल विश्वभर ४ करोडभन्दा बढी मानिसहरू एचआईभीबाट प्रभावित छन्। डब्ल्यूएचओका अनुसार, २०२१ मा, एचआईभी-सम्बन्धित कारणहरूले गर्दा ६ लाख ५० हजार मानिसहरूको मृत्यु भएको थियो र १५ लाख मानिसहरूले एचआईभी लिएका थिए। डब्ल्यूएचओले एचआईभीले विश्वभर ४ करोड १ लाखको मृत्यु गराएको बताएको छ र एचआईभी संक्रमण अझै पनि सबै देशहरूमा भइरहेको छ, केही देशहरूले नयाँ केसहरूमा वृद्धि भएको रिपोर्ट पनि गरेका छन्।

यही कारणले गर्दा एचआईभीलाई आज पनि सबैभन्दा गम्भीर जनस्वास्थ्य चुनौतीहरू मध्ये एक मानिन्छ। एचआईभी संक्रमणको लागि कुनै प्रभावकारी उपचार नभए पनि, आवश्यक र प्रभावकारी उपचार र हेरचाहले एचआईभी भएका मानिसहरूलाई लामो र स्वस्थ जीवन बाँच्न मद्दत गर्न सक्छ। विश्व एड्स खोप दिवस, जसलाई एचआईभी खोप जागरूकता दिवस पनि भनिन्छ, मे १८ मा यस रोगको लागि खोप विकास गर्ने आवश्यकतालाई उजागर गर्न मनाइन्छ, जुन निको नहुने मानिन्छ। यो एचआईभी रोक्नको लागि खोप विकास गर्न लामो समयदेखि प्रयासरत वैज्ञानिकहरू र अनुसन्धानकर्ताहरूको कामलाई सम्मान गर्ने अवसर हो।

विश्व एड्स खोप दिवस हरेक वर्ष मे १८ मा विश्वभर मनाइन्छ। यो दिनले गम्भीर रोग एचआईभी/एड्ससँग लडिरहेका लाखौं मानिसहरूलाई आशा दिन्छ। एचआईभी संक्रमण विश्वभर एक प्रमुख चुनौती बनेको छ। उपचार र औषधिहरूमा उल्लेखनीय सुधार भए पनि, यस रोगको लागि पूर्ण प्रभावकारी खोप अझै विकास भएको छैन। त्यसैले यो दिनले अझ बढी महत्व राख्छ। यस अवसरमा, डाक्टर, वैज्ञानिक र स्वास्थ्यकर्मीहरूको प्रयासलाई सम्मान गरिन्छ। मानिसहरूलाई एचआईभीको बारेमा पनि उठाइन्छ।

विश्व एड्स खोप दिवस प्रत्येक वर्ष मे १८ मा मनाइन्छ। १९९७ मा, पूर्व अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले यस दिनमा एक प्रमुख भाषण दिए। उनले विश्वभरका अनुसन्धानकर्ताहरू र वैज्ञानिकहरूलाई एचआईभी खोप विकास गर्न द्रुत गतिमा काम गर्न आग्रह गरे। पूर्व प्रधानमन्त्री विश्वास गर्थे कि एड्स जस्तो रोगलाई रोक्नको लागि खोप, केवल उपचार मात्र होइन, सबैभन्दा महत्त्वपूर्ण हतियार हुन सक्छ। पूर्व राष्ट्रपति बिल क्लिन्टनको यो भाषण पछि, मे १८ लाई विश्व एड्स खोप दिवसको रूपमा मनाइयो।

विश्व एड्स खोप दिवस पहिलो पटक १९९८ मा मनाइएको थियो। यो दिन एचआईभी खोप अनुसन्धानमा संलग्न स्वास्थ्य संस्था र संस्थाहरूद्वारा सुरू गरिएको थियो। यो दिन मनाउनुको मुख्य उद्देश्य एचआईभी खोप खोज्न अथक प्रयास गरिरहेका डाक्टर, वैज्ञानिक र स्वयंसेवकहरूलाई सम्मान गर्नु थियो। बिस्तारै, यो दिन विश्वव्यापी जागरूकता अभियानको हिस्सा बन्यो। धेरै देशहरूमा, यो अब विभिन्न कार्यक्रमहरू मार्फत मनाइन्छ।

१८ मे १९९७ मा मेरील्याण्डको मोर्गन स्टेट युनिभर्सिटीमा आफ्नो भाषणमा, बिल क्लिन्टनले यस घातक रोगलाई रोक्न र उन्मूलन गर्न खोपको महत्त्वमा जोड दिए, एचआईभी खोप विकास गर्न विज्ञान र प्रविधिको प्रयोगलाई तीव्र पार्ने आवश्यकतालाई जोड दिए। उनले भने कि प्रभावकारी एचआईभी खोपले मात्र एचआईभीको फैलावटलाई नियन्त्रण र उन्मूलन गर्न र यससँग लड्ने मानिसहरूको क्षमता सुधार गर्न मद्दत गर्नेछ। त्यसबेलादेखि, विश्व एड्स खोप दिवस विश्वव्यापी रूपमा विभिन्न समूहहरूले मानिसहरूलाई एड्स निवारक उपायहरू लिन, एड्स-सम्बन्धित शिक्षा फैलाउन, अनुसन्धानकर्ताहरूलाई प्रोत्साहन गर्न र यस काममा सार्वजनिक सहभागिता सुनिश्चित गर्न प्रोत्साहित गर्न मनाउँदै आएका छन्।

विभिन्न रोगहरूको उपचार र रोकथामको लागि खोपहरू मानवताको सबैभन्दा ठूलो सार्वजनिक स्वास्थ्य उपलब्धिहरू मध्ये एक हो। तिनीहरूले मानव शरीरलाई भाइरस वा ब्याक्टेरियाको कमजोर वा निष्क्रिय रूपमा पर्दाफास गरेर काम गर्छन्, प्रतिरक्षा प्रणालीलाई भविष्यमा हुने संक्रमणहरूसँग लड्न सक्ने एन्टिबडीहरू विकास गर्न उत्प्रेरित गर्छन्। त्यसकारण, विश्वभरका अनुसन्धानकर्ताहरू एक सफल एचआईभी खोप विकास गर्न प्रयासरत छन् जसले भाइरसको फैलावट रोक्न र लाखौंको जीवन बचाउन मद्दत गर्न सक्छ। विगत केही वर्षहरूमा एड्स खोपको खोजमा उल्लेखनीय प्रगति भए पनि, प्रभावकारी विश्वव्यापी एचआईभी खोपको बाटोमा महत्वपूर्ण चुनौतीहरू अझै पनि छन्।

एचआईभीको हाल कुनै सुरक्षित उपचार छैन। एक पटक भाइरस शरीरमा प्रवेश गरेपछि, यसलाई हटाउन सकिँदैन। यद्यपि, हालका वर्षहरूमा, जीवन बचाउने एन्टीरेट्रोभाइरल उपचारहरूको आगमनले एक पटक निको नहुने एड्स रोगलाई उल्लेखनीय रूपमा परिवर्तन गरेको छ, र यी उपचारहरूबाट उपचार गरिएका मानिसहरू अब लामो र स्वस्थ जीवन बाँच्न सक्छन्। एन्टीरेट्रोभाइरल थेरापी (एआरटी) ले प्रतिरक्षा प्रणालीमा हुने क्षतिलाई रोक्न वा उल्टाउन सक्छ। यदि बिरामीहरूले एआरटी पालना गरे भने, त्यस्ता धेरैजसो बिरामीहरू स्वस्थ रहन्छन्। व्यापक रूपमा तटस्थ एन्टिबडीहरू (बीएनएबीएस)को खोजले एचआईभी स्ट्रेनहरूको विस्तृत दायरालाई प्रभावकारी रूपमा बेअसर गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। यी एन्टिबडीहरूले भाइरस विरूद्ध व्यापक सुरक्षा प्रदान गर्न सक्षम विश्वव्यापी एचआईभी खोपको विकासको लागि आशा जगाएका छन्। एम-आरएनए र भाइरल भेक्टर प्रविधिहरू जस्ता खोप वितरण प्लेटफर्महरूमा भएको प्रगतिले पनि खोप विकास प्रयासहरूलाई तीव्र बनाएको छ र सफलताको सम्भावनालाई उल्लेखनीय रूपमा बढाएको छ।

१९८७ मा, संयुक्त राज्य अमेरिकाको मेरील्याण्डमा रहेको राष्ट्रिय स्वास्थ्य संस्थान (एनआईएच) का वैज्ञानिकहरूले एड्स खोपको बारेमा अनुसन्धान सुरू गरे। कोविड-१९खोपको बारेमा अनुसन्धानले यो अनुसन्धान प्रक्रियालाई तीव्र बनाउन मद्दत गरेको छ। स्क्रिप्स अनुसन्धान संस्थानका इम्युनोलोजिस्टहरूले अब एड्स खोप विकास गर्न कोविड-१९ खोपमा प्रयोग गरिएको उही एम-आरएनए प्रविधि प्रयोग गरिरहेका छन्। प्रभावकारी विश्वव्यापी एड्स खोपको बाटो लामो र कठिन मानिए पनि, अहिलेसम्म भएको प्रगतिलाई ध्यानमा राख्दै, अगाडि चुनौतीहरूको बावजुद एड्स खोपको खोजीमा द्रुत प्रगति सम्भव छ, र वैज्ञानिकहरू विश्वास गर्छन् कि आगामी दशकहरूमा एड्स-मुक्त संसार पहुँच भित्र छ।

हरेक वर्ष, यस विशेष अवसरको लागि एक विषयवस्तु तय गरिएको छ। यस वर्ष, यो "सँगै नवीनता: एचआईभी मुक्त भविष्य निर्माण" थियो। यसको अर्थ नयाँ सोच र नयाँ प्रविधिहरू मार्फत एचआईभी मुक्त संसार सिर्जना गर्न सँगै काम गर्नु हो।

# स्वास्थ्यकर्मी र अस्पतालमा असुरक्षा बढ्दै, सम्बन्धित निकाय मौन




मानिसको जीवनसँग सम्बन्धि केहि ऐन र कानुनहरू निर्माण गरी संबेदनशील क्षेत्रमा लागु गरिएको छ। स्वास्थ्यकर्मी र संस्थाको मूल उद्देश्य मानवजातिलाई आवश्यक पर्दा स्वास्थ सेवा उपलब्ध गराउने हो। स्वास्थ्य विषय अध्ययन गराउने समयमा नै स्वास्थ्यकर्मीलाई देवता र स्वास्थ्य संस्थालाई मन्दिरको रूपमा मान्नुपर्दछ भनेर जानकारी गराएको हुन्छ। स्वास्थ्यकर्मी यस्तो व्यक्ति हो जसले प्राकृतिक रूपमा भएको शरीरको कुनै अङ्गमा केहि खराबी भयो भने त्यसलाई वैज्ञानिक विधिबाट यथास्थितिमा ल्याउने उसको दायित्व र जिम्मेवारी हुन्छ। स्वास्थ विषय अध्ययन गर्ने व्यक्ति जो सुकै भए पनि उसले औषधि उपचार र परिक्षण गर्दा, जातभात, धर्म, धनि गरिब तलमाथि नगरी निष्पक्ष र सहनशिलताक साथ आफ्नो दायित्व पुरा गर्नुपर्दछ।

यसरी काम गर्दा पनि हाल विभिन्न विषय, सेवा स्वास्थ्य परिक्षण औषधि प्रयोग गराउने शिलशिलामा स्वाथ्यकर्मी र सेवाग्राहीको वीचमा बारम्बार तनाब सिर्जना भै स्वाथ्यकर्मी, स्वास्थ संस्था र सेवाग्राही वीच असमझदारी र संवेदनशील नहुँदा स्वाथ्यकर्मी माथि हातपात र स्वास्थ संस्था तोडफोड गर्ने घटनाहरू भै रहेको हुँदा यस्तो कार्य रोकी मानिसको स्वास्थ उपचारमा सहज र सौहार्दपूर्ण वातावरण बनाउने उद्देश्यले स्वास्थ सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउनु पर्दछ। स्वास्थ उपचारको क्रममा उत्पन्न हुने आकस्मिक घटना र आर्थिक दायित्वबाट स्वाथ्यकर्मी र स्वास्थ संस्थाको सुरक्षा गर्ने कानुनको आवश्यकता परेको हुनाले स्वाथ्यकर्मी र स्वास्थ संस्थाको सुरक्षाको र स्वास्थ सेवालाई प्रभावकारी बनाउने उद्देश्यले स्वाथ्यकर्मी र स्वास्थ संस्थाको सुरक्षा सेवा सम्बन्धि ऐन २०६६ र पहिलो संसोधन २०७९ मा ल्याइएको हो।

यो ऐन प्रारम्भ भएपछि समयको परिवर्तन मानिसको आचरणमा आएको अस्वभाभिक प्रवृति, सेवाग्राही र सेवा प्रदायक बीचको अविश्वास, आर्थिक विषय लगायतका कारणहरूले गर्दा नेपालमा मात्र होइन सबै जसो देशहरूमा स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा एक आपसमा झगडा, द्वन्द, कुटपिट, तोडफोड जस्ता घटनाहरू थपिदै भएको छ। मानिस अस्वस्थ हुने धेरै कारणहरू भए पनि मानिस बिरामी दुई किसिमबाट अस्वस्थ हुन्छन। एक प्राकृतिक प्रकोप र दोस्रो शरीरमा आवश्यक पर्ने कुराहरूको अभाव र गड्बडी। कारण जे सुकै भए पनि मानिसहरू बिरामी र अस्वस्थ भएपछि मुख्य बाटो वा उपाय नै स्वाथ्यकर्मी र स्वास्थ संस्थाको सम्पर्कमा चाँडो पुग्नु पर्ने नै हो। अरू बाटो हुदैन खोजेमा स्वाथ्यमा झन् समस्या बढ्न सक्दछ।

मानिसको कुनै किसिमको पनि स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा सेवा ग्राही र सेवा प्रदायकको उद्देश्य एउटै हुन्छ सेवा प्रदायकले जसरि जति सक्दो चाँडो आवस्यकता अनुसार सेवा उपलब्ध गराएर सेवाग्राहीलाई स्वस्थ बनाउने र सेवाग्राही पनि आफुलाई स्वस्थ हुने अवस्थामा पुग्ने। एस्तो साझा उद्देश्य भएको सेवाग्राही र सेवा प्रदायक बीच हुने झगडा, तनाब, कुटपिट, तोडफोड लगायतका घटना बढ्दैछन् त यस बारे दुवै तर्फबाट कानुनको अधिनमा बस्नुपर्दछ। नबसेको खण्डमा कुन चाही पक्षको गल्ति हो त्यसको समाधानको लागि यो ऐन आएको हुँदा यस ऐनमा भएका प्रावधान वा व्याख्यालाई दुवै पक्षले पालना गर्नु पर्दछ र नगरेको खण्डमा ऐन अनुसारको दण्ड दिनुपर्दछ। यति पवित्र कार्यमा पनि किन अस्वभनिय घटनाहरू आउने अवस्था हुन्छ भनेर विचार गर्दा सेवाग्राही र सेवाप्रदायकका आफ्ना आफ्नै भनाइ र असन्तुष्टिहरू छन् र यी असन्तुष्टिहरूलाई दुवै पक्षले आफ्नो आफ्नो गल्ति, स्वभाब र आचरणलाई सुधार्नु पर्दछ।

सेवाग्राहीको तर्फबाट हुने असन्तुष्टि र गुनासाहरूमा समयमा चिकित्सकहरू नआउने, आए पनि विज्ञ नआउने, विषय भन्दा बाहिरको आउने, उपकरण, औषधि लगायतका आवश्यक जांच नहुने आर्थिकभार बढाउने, असजिलो अवस्था आएमा अन्यत्र लैजाउ भन्ने, सोधेको विषयमा राम्रो जानकारी नदिने आवश्यक भन्दा बढी औषधि लेख्ने, आवश्यक नै नपरे पनि अस्पतालमा भर्ना गर्ने जस्ता छन् भने सेवा प्रदायकको भनाइ र गुनासोमा स्वाथ्यकर्मी भन्दा आफै जान्ने हुने, अनावश्यक हुलहुज्जत गर्ने, चाहिने भन्दा बढी मानिस ल्याउने, चिकित्सकलाई थर्काउने , झगडा गर्ने, हातपात गर्ने र राम्रोसंग बिरामीको सेवा गर्ने वातावरण नबनाउने र बिरामीलाई औषधि उपचारक्रममा केहि भएमा अनावश्यक तनाव दिने आर्थिक सेवामा लिनदिन गराउन लगाउने जस्ता कुराहरूले गर्दा यी दुई समुह बीच झगडा भइरहने हुनाले यो ऐनको कार्यन्वयन गरिएको हो। ऐन लागु भए पनि सेवा सम्बन्धित क्षेत्रबाट समय र परिस्थिति अनुसार ऐनको कार्यन्वयन नहुँदा समस्या झन् जटिल हुँदै आएको छ। आज प्रत्येक दिन प्रत्येक समय निजि, गैरसरकारी, सरकारी लगायत स्वास्थ्य संस्थाहरूमा यस्ता घटनाहरू भइरहेको हुँदा अब सेवा सम्बधि निकायबाट यो ऐनको प्रभावकारी कार्यन्वयन अनिवार्य रूपमा कडाईका साथ गर्नु पर्दछ, अन्यथा स्वास्थ संस्था र स्वास्थ्यकर्मीको बीच झन् बढी तनाब सिर्जना हुँदै जाने अवस्था आउन सक्दछ। यस्ता घटना हुन नदिनको लागि ऐनमा यस किसिमको व्यवस्था गरिएको छ। ऐनको दफा ३.३ मा आगजनी, तोडफोड, कुटपिट वा तालाबन्दी गर्न वा उपचारमा बाधा पार्न नहुने : कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिई देहायका कार्य गर्न वा गराउन हुँदैन :-

(क) स्वास्थ्य संस्थामा आगजनी गर्न,
(ख) स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानि नोक्सानी पुर्‍याउन,
(ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रूपमा चोट पुर्‍याउन,
(घ) स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गर्न,
(ङ) स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमले बाधा पुर्‍याउन, वा
(च) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्न, कुनै किसिमले धम्की दिन, गाली गलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गर्न।

*ऐनको दफा ४ मा सुरक्षा माग गर्न सक्ने :*

(१) कसैले कनै स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी उपर वा स्वास्थ्य संस्थामा दफा ३ विपरीतको कुनै काम कारबाही गरेमा वा गर्न लागेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षाको माग भएमा स्थानीय प्रशासनले तुरून्त सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ।

(३) कुनै ठाउँ र अवस्थालाई विचार गर्दा कुनै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा अवरोध पुग्न जाने भई स्थायी रूपमा सुरक्षाको व्यवस्था गर्न समितिबाट लेखी आएमा नेपाल सरकारले त्यस्तो स्वास्थ्य संस्थामा स्थायी रूपमा सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**कसुरको सम्बन्धमा**

(१) कसैले दफा ३ बमोजिमको कनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ।

(२) कसैले देहायको कसुर गरेमा कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :- (क) दफा ३ को खण्ड (क) बमोजिमको कसुर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुई लाख रूपैयदिखि पाँचलाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) दफा ३ को खण्ड (ख) वा (ग) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद वा तीन लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ग) दफा ३ को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसुर गरेमा एक वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय।

(३) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिले गरेको काम कारबाहीबाट कुनै स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थालाई कुनै हानि नोक्सानी भएकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कसुरदारबाट त्यस्तो हानि नोक्सानी बापत मनासिब माफिकको क्षतिपूर्ति समेत भराइदिनु पर्नेछ (४) उपदफा (३) बमोजिम क्षतिपूर्ति भराउँदा स्वास्थ्य संस्थाको सम्पत्ति तोडफोड, आगजनी वा हानि नोक्सानी गरी क्षति पुर्याएकोमा त्यसरी भएको क्षति बराबरको रकम भराउनु पर्नेछ।

स्वास्थ क्षेत्रमा गर्नैपर्ने सुधारहरू :

ऐन प्रभावकारी रूपमा कार्यन्वयन लागु गर्नुपर्दछ र दुवै पक्षले कानुन अनुसार नगरेमा ऐनमा उल्लेख भए अनुसारको दण्ड र सजाय गर्नुपर्दछ। अन्यथा स्वास्थ्य जस्तो संबेदनशील विषयमा अराजकता फैलिन सक्छ र मानिसको समयमा उपचार गर्न नपाएर अकालमा मृत्यु हुन सक्दछ।

# Lipulek and Nepal–India Relations: A Test of Trust



Narayan Prasad Mishra

We all know the United Nations exists to maintain international peace, develop friendly relations, and achieve international cooperation in solving global issues while upholding human rights and sustainable development globally. It has 193 member countries. It also plays a vital role in preventing conflict between countries. It holds the General Assembly every year, and delegates from all countries participate in it. Though I never had an opportunity to go there as a delegate, my beloved wife, Shanti Mishra, had the opportunity to represent the country as one of its delegates in 1977. At that time, Mr. Shailendra Kumar Upadhyaya was our permanent representative to the organization. I am proud to remember that my wife, Shanti, a well-known academician and skilled speaker, achieved a remarkable record of active participation, unmatched by anyone from our country during Mr. Upadhyaya's tenure, as he once told me.

Despite the remarkable role of the United Nations in maintaining peace and cooperation worldwide, we have all witnessed several wars between countries. If we want, we can list more than two dozen major wars since 1960. In this context, I want to give just a few examples:

**1. Sino-Indian War (1962) – India vs. China over Himalayan border disputes.**
**2. Indo-Pakistani War (1965) – India vs. Pakistan over Kashmir.**
**3. Six-Day War (1967) – Israel vs. Egypt, Jordan, and Syria.**
**4. Indo-Pakistani War (1971) – India vs. Pakistan; led to the creation of Bangladesh.**
**5. Iran–Iraq War (1980–1988) – Iran vs. Iraq, one of the longest conventional wars of the 20th century.**
**6. Kargil War (1999) – India vs. Pakistan in Kashmir.**
**7. U.S. invasion of Afghanistan (2001) – U.S.-led coalition vs. Taliban (more of an intervention than a state-to-state war).**
**8. U.S. invasion of Iraq (2003) – U.S.-led coalition vs. Iraq (Saddam Hussein's regime).**

Besides the above wars, we are currently witnessing the following conflicts:

**1. Russia–Ukraine War (2022–present) – Russia's full-scale invasion of Ukraine, ongoing.**
**2. Israel–Hamas War (2023–present) – While primarily Israel vs. Hamas, it involves cross-border clashes with Lebanon's Hezbollah and Iran-backed groups.**

These days, every day, I read in newspapers and watch these wars on TV, and I get extremely sad and disturbed to see the killing of innocent people with warplanes, drones, and missiles owned or supplied by superpowers. Everyone is aware of it. The whole world, including the United Nations, is watching as spectators, as if it were a bullfight or a sheepfight. On the other hand, lakhs of wounded people—losing their hands, legs, eyes, and faces—are suffering without medicine, food, or shelter, as if there is no one, no country, that stands for justice and gives justice to them. How pathetic, sad, and disgraceful it is. How could the entire world watch and stay as spectators, not stopping itæ How could the superpower watch this unbearable, heinous crimeæ This is the situation and result of war and conflict in the present-day world. Might makes right. He who has the power to enforce his will is the one who determines what is right.

We have a beautiful country with two giant, friendly neighbors—India and China. We have an excellent relationship with them due to the loving and cordial understanding established by our country's wise rulers for centuries. Both are our well-wishers, supporters, and helpers in our development and infrastructure. In size, they are big




and we are small. According to the saying of Great King Prithivi Narayan Shah, the creator of modern Nepal and the father of our nation, our country is like a yam between two giant stones. We can learn a lot from this saying. One who has experience of digging deep to get yams from between big stones understands the correct meaning of this saying. I have this experience. We have varieties of yams. But such yams are called Ban Tarul—'Tarul from the forest

I know how a big boulder can fall on you when you have no skill in moving the stones while harvesting yams. I know that the present leaders of our republic, Nepal, think they do not need to learn from this, as they consider themselves the wisest and think they know everything. I know one of our prime ministers, considered a wise man by his supporters, proposed to change and replace that proverb with his progressive version. But I think the Great King's proverb is still the big mantra for dealing with our neighbors and establishing good relations with them for mutual benefit.

After Chinese Foreign Minister Wang Yi visited India in August 2025, India and China reached a series of new understandings to normalize relations. In this context, they also made an understanding and agreement to reopen the border through key Himalayan passes, including Lipulek ( Lipulekh ), on our land, but without our consent. We still do not know whether they did it intentionally or out of ignorance. This became a big issue, a significant concern, and a worry for us. Naturally, we need to be upset and sad, and it is necessary to react and make them correct the mistake.

According to the report, Our government had sent a diplomatic note to the countries, India and China many months ago. . Our people were in the streets to voice their opposition, and our parliamentarians expressed their anger and concern about this grave issue. Not only that, some of our YouTube speakers presented their views on going to war. Even the present government under the Premiorship of Balen Shah sent a deplomatic note to both the government - India and China about the topic on May 3, 2026.

This is the scene we see today. I think the problem suddenly came upon us because of mishandling and a lack of skill in harvesting yams. In this context, I remembered a Newari Proverb - A sparrow annoys with its loud chirping, but a pigeon strikes with force (Chhakhunchaya Tiri Tiri, Bakhunchaya Twak). This is similar to an English proverb: The sparrow chirps, the eagle strikes. We are mercilessly stricken.

We all know we have leaders in our country who consider themselves wise and superb and speak like the English proverb: A jack of all trades is a master of none. One of them has been chirping on any subject in the world, being himself a living encyclopedia of the world —science, technology, history, religion, borders, geography, etc.—without worrying about what others think. I can assume his undiplomatic chirping about cultural and geographical funny expressions undoubtedly irritated our neighbors. I know if I open the Pandora's box of his wrongdoings and harm to the country as a chirping sparrow, I would be mercilessly attacked by his followers, misunderstanding my honest writing aimed at the benefit and welfare of the country.

In this context, I remember a Nepali proverb heard from a motherly woman: "If you want to know the quality of oil, look at its flow; if you want to know about a son, look at his friends." (तेल के हेर्नु तेलको धारा हेर्नु, छोरा के हेर्नु, छोराको साथी हेर्नु). It means that just as the flow shows the quality of oil, a son's character can be judged by the company he



म जिउँदो प्रमाण हुँ, लिपुलेक/कालापानी हाम्रो हो । ओलीले आँखामा-आखा जुदाएर भारतसँग टेबुल टक गर्नुपर्छ

keeps. This proverb can also be applied to judge most of our leaders and political parties that are linked to the well-known gangsters. I do not want to say more than this. We need to solve our problem of reclaiming our land with goodwill and good intentions, with love and kindness. We need to understand everything with the intention of cooperation. I firmly believe that one can achieve anything through love and trust, which cannot be done by enmity.

There is no doubt that Lipulek, Kalapani, and Limpiyadhura cannot be separated from our country. They are an inseparable part of our body. Buddhi Narayan Shrestha, the foremost border expert of our country, a well-known author of several books on the subject, the most respected and awarded border expert of the land, my college friend, and a good friend, has written many books and articles with convincing history and historical documents on the topic. He has been speaking tirelessly on the problem.

I also watched some of his interviews and presentations on YouTube, including the above. According to him, the history of the land proves that it is unquestionably ours. Our treaty with British India, named the Sugauli Treaty of 1816, undoubtedly, proves that it is our land. Several other documents and maps he possesses also clearly prove it. Similarly, Dr. Jagat Kumar Bhusal, a well-known expert on the rivers and water resources of our country, has also been speaking and writing on the subject, drawing on his strong, well-documented expert views. However, there are controversial maps created by British India between 1827 and 1879, which showed it differently to their advantage before India's independence. The brief account of the issue in chronological order is also given by Bishwa Mani Subedi in his article written in Nepali titled "Let us look at these facts: What is Lipulekh, and how is Nepal losing it" यी तथ्यमा हेरौं लिपुलेक के हो र कसरी नेपालले गुमाउदैछ ? which appeared on nepalpress.com on August 25, 2025 (Bhadra 9, 2082).

We all understand that, despite centuries of mutual love and good relations, misunderstandings and problems may sometimes arise with our neighboring countries, just as disputes can occur over land and property within our own neighborhoods. We also know that if we fail to consider each other's views and documents, we risk becoming entangled in disputes for years, depriving us of peace and rest. We need to clarify the misunderstanding created by British India to our friendly present-day India in order to resolve the issue in a spirit of brotherhood. With this understanding, we must resolve our problems with love, kindness, cooperation, and mutual support, drawing on our history of standing together in both joy and sorrow.

In the context of our talks with India, our government must give experts such as Buddhi Narayan Shrestha, Dr. Jagat Kumar Bhusal, or other well-known authorities on the subject an opportunity to present our case with documented evidence. I urge India, as a true friend of our country, not to avoid dialogue. The people of Nepal have grown increasingly distressed over this issue in recent years, even though it was not so before.

The way forward lies in peaceful solutions and mutual understanding—for fights and disputes have no place between true neighbors. The Lipulek controversy now stands before us as a test of our long friendship.

narayanshanti70@gmail.com









# राष्ट्रिय मूलनीति के हो, किन चाहिन्छ ? –८



बहुदल, लोकतन्त्र, गणतन्त्रमा राष्ट्रिय मूलनीति कुन चराको नाम हो भन्ने नै प्रष्ट हुनसकेन । हरेक दल भ्रष्टाचार र स्वार्थको दलदलमा फस्न पुगे । भैंसी आहाल बस्ने पोखरी निर्मल छ भनेर मान्न सकिने अवस्था नै बनेन, यसैका प्रतिफल हो आजको समस्या ।

(National Main Policy)

राष्ट्रिय मूल नीति के हो ?

राष्ट्रिय मूल नीति भनेको राष्ट्रको धमनी हो । यो चहकिलो बत्ती हो, सबैलाई बाटो देखाइ दिन्छ । यो काम गर्ने मानिसले अँध्यारोमा अन्दाजको भरमा छ्यामछ्याम छुमछुम गरेर काम गर्नु नपर्ने अवस्था हो । यसको अभावमा राष्ट्रले बाञ्छित प्रगति गर्न सक्दैन । राष्ट्रिय मूल नीतिले मात्र देशमा निर्धारित समयमा सर्वाङ्गीण विकास कसरी गर्ने भन्ने कुरामा राजनेता, प्राविधिक, महिला, जनजाति, दलित, भौगोलिक कारणले पछाडि परेका, विद्यार्थी, उद्योगपति, व्यापारी तथा अन्य सबै व्यवसायी र तप्काका मानिसले आफू र देश अगाडि बढ्ने बाटो देखाएँदछ । राष्ट्रिय मूल नीति सर्वपक्षीय रूपले सकारेको सर्वमान्य पद्धति हो । यो सबै दलको साझा घोषणा पत्र हो ।

हरेक देशका आआफ्ना राष्ट्रिय लक्ष्यहरू, मूल नीतिहरू र कार्यक्रमहरू हुन्छन् । ती आवश्यक्ता अनुसार सार्वजनिक गरिएका अथवा गोप्य पनि हुन्छन् । नेपाल विना नीति र कार्यक्रममा चलेको एउटा अपवाद नमूना देश हो ।

**राष्ट्रिय मूल नीति किन चाहिन्छ ?**

राष्ट्रिय शक्तिलाई राष्ट्रिय रूपमै एउटा सवल, सक्षम संगठन बनाई राष्ट्र, राष्ट्रियता, प्रजातन्त्रलाई निरन्तर सम्बर्द्धन गर्न राष्ट्रका सचेत र जागरूक समुदायलाई स्वतन्त्र एवं निरपेक्ष रूपमा समाहित गराई राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रलाई आफनै मौलिक रूपमा दीगो, सर्वसमुन्नत र दरिलो बनाउँन तथा लोककल्याणकारी राज्य स्थापना गर्न यसको खाँचो हुन गएको छ ।

अहिलेको राजनैतिक अस्थिरता, सरकारी प्रशासनिक क्षेत्रको अस्तव्यस्तता, सर्वत्र व्यापक भ्रष्टाचार जसले पनि सरकारी साधनको दुरूपयोग गर्ने र कहीं नबिकेका अयोग्य मानिसलाई जतातते जवरजस्त सेवा प्रवेश गराउने तथा विकास खर्चमा आएको शिथिलतालाई हेर्दा मूल नीतिको अभाव खड्किन्छ । दिगो रूपमा राष्ट्रको हित र कल्याण हुने दीर्घकालीन योजना र कार्यक्रमहरू जनसमक्ष अगाडि सार्नु आजको अनिवार्य अवश्यकता हुन गएको छ । विकसित र आधुनिक प्रजातान्त्रिक समाज निर्माण गर्न राष्ट्रिय मूलनीतिको खाँचो पर्दछ ।

राष्ट्रियता र प्रजातन्त्रलाई सर्वोपरि साध्य र जीवनपद्धति बनाउनु परेका छ । जनताको सर्वोच्चता हाम्रो लक्ष्य हुनु परेको छ । राजनीतिलाई त्यस्ता चुनौतिपूर्ण विकासको साधन मात्र बनाउनु परेको छ । राष्ट्रिय मूल नीति भएका देशमा सबै काम कुरा नीतिले गर्दछ, पद्धतिले गर्दछ । निर्णायक तहमा बस्ने व्यक्ति बदलिदैँमा नीति र कार्यक्रम बदलिदैँन । सबै काम यथारूपमा अगाडि बढिरहन्छ । यसो भए पछि, अस्थायी भर्ना गर्ने, स्थायी गर्ने, मन लागी नियुक्त गर्ने, हटाउने, शक्ति भएकाको पक्षमा काम गर्ने जस्ता कुरा हुँदैनन् । जेसुकै कुरामा नारा जुलुस, हडताल, बीद्रोह गर्ने वा गर्नुपर्ने अवस्था नै सृजना हुन सक्दैन ।

जिम्मेबारी कस्ले पूरा गऱ्यो कसले गरेन, गल्ति कसको हो र दण्डभागी कोहो भन्ने कुरा नीति र बडापत्रले आफैँ काम गर्दछ, अन्यौल रहँदैन । सबै राजनीति दलका नेताहरू, सबै तहका जन प्रतिनिधिहरू, सबै तहका राष्ट्र सेवकहरूले राष्ट्रिय मूल नीतिको अनिवार्य पालना गर्नुपर्ने हुनाले कोही कुनै दोधारमा अथवा अज्ञानमा बसेको हुदैंन । राष्ट्रिय मूल नीतिको उलंघन दण्डनीय भएकोले यसको अमान्य हुन सक्दैन ।

२००७ साल, २०१७, २०३६, २०४६ र २०६३ सालहरूका परिवर्तनहरू केवल राजनीतिक घटना हुन् । ती घटनाले प्रेरित गरेका कारण संविधानहरू बनेका हुन् । तर संविधानमा प्रत्याभूत हुँदैमा कुनै पनि पद्धति बलियो हुन सक्दैन । त्यसकोलागि राजनैतिक प्रतिबद्धता चाहिन्छ । यो प्रतिबद्धता राष्ट्रिय मूल नीतिले मात्र दिन सक्दछ । .एक जीवित, जागृत राष्ट्र बनाउन जनताको सचेतता निरन्तर रहन जरूरी हुन्छ । प्रजातन्त्रलाई दरिलो बनाउन, जनताको अधिकारलाई अक्षुण्ण राख्न र राष्ट्रियताको संरक्षण गरी आत्मनिर्भर गराउनका लागि राष्ट्रको दीर्घकालिन मूल नीतिको अवश्यक्ता हुन्छ ।

राष्ट्रिय मूल नीति नभएकै कारण हाम्रो व्यापारको नीति, निर्माणको नीति, उद्योगको नीति सेवा र रोजगारका नीति, व्यक्तिवादी र जाति वा समूहवादी भइदिएकाले कार्यान्वयनमा अन्तर हुँदै गएको छ । यहीं अन्तरले धेरै समस्या जन्माएको छ ।

अधिकांश चेतनशील समूह जादुगरी धन (Quick money) आर्जनमा व्यस्त छन् । पिछडिएका तथा अचेतन समूह 'भगवान्को इच्छा' मानी मौन छन् । नेतृत्व गर्ने र नीति निर्धारण गर्नेहरूमा राष्ट्रको यथेष्ट ज्ञान नहुनु, संकुचित विचारले ग्रस्त हुनु, व्यापक र दूरदर्शी विचारधारा नहुनु नै एउटा ठूलो अभिशाप भएको छ । प्राविधिक कर्मचारीहरूलाई भौतिक दुनियाँको नराम्रो छाप परेको छ । अरू कतिपय फाइदाको लागि कर्मचारीहरू किंक्र्तव्यविमूढ भएर अस्तव्यस्त भएका छन् । मूल नीतिले सोचलाइ शुद्ध बनाईदिन्छ ।

राष्ट्रिय मूल नीति भएको देशमा राजनीति अस्थिर भए पनि विकासको गति अस्थिर हुदैन । राजनीतिले विकासमा अवरोध ल्याउन सक्दैन । अर्को शब्दमा जहाँ विकासले निरन्तर रूपमा एक नासे गति लिन्छ राजनीति अस्थिर हुन सक्दैन । राष्ट्रिय मूल नीति भए पछि विदेशीको हस्तक्षेप हुन सक्दैन । आफ्ना देशका जनताले आफै आफ्ना भाग्य निर्धारण गर्दछन् । आफ्ना स्रोतसाधनको व्यवस्था आफै गर्न सक्षम हुन्छन् । अत्यधिकको फाइदाको लागि अधिक्तम सुविधा दिलाउन जनता, समाजसेवी, कर्मचारी सबैको समान जिम्मेवारी हुन्छ । हरेकको स्पष्ट कार्य क्षेत्र नभएको कारण दोष एकले अर्कालाई थोपार्ने र खुराफाती गर्ने प्रचलन रहन सक्दैन ।

दलीय व्यवस्थामा त राष्ट्रिय मूल नीतिको झन बढी खाँचो हुन्छ । यसको अभावमा गरिने कार्यहरू लीग नबनाइकन रेल दौडाउने विकास जस्तै हुन्छ । यो या त गुड्दैन, या त ढिलो गुड्छ अनि जतापायो उतै गुड्छ । दलका घोषणापत्रहरू हुन्छन् । तर तिनको समन्वय र घोषणा अनुसार काम हुने बाध्यात्मक्ता हुदैन । त्यस्ता लक्ष्य प्राप्त गर्न दलमा बिचार विभक्त हुन नपाउने व्यवस्था हुनु पर्दछ । मूल नीतिको अभावमा अवाञ्छित र अराष्ट्रिय गतिविधि रोक्न सकिँदैन, न्यायले बाटो छोड्छ ।

नेपालको आफ्नै अस्तित्व छ । यसको इतिहास, भूगोल झैं भौगर्भिक बनावट पनि आफ्नै प्रकारको छ । नेपाललाई प्रकृति देवीले आफ्नै प्रकारले सिँगारेकी छन् । त्यसकारण यसको विकास निर्माणका लागि आफ्नै प्रकारका भौगोलिक स्तरहरूका मूल आधारमा आफैले विकास गर्नु पर्दछ । विदेशीले लदाएको नीति लादेर विकास गर्न सकिदैन । हाम्रो हरेक जिल्लालाई त एउटै नीति र कार्यक्रम लागु गर्न सकिदैन भने अर्काको देशको मानिसले अर्कै भूगोल, आर्थिक स्थिति र संस्कार संस्कृतिको कुरा लादेर हामीले कहिल्यै प्रगति गर्न सक्दैनौं । यतिखेर सम्पूर्ण क्षेत्रबाट डुब्न लागेको डुँगा र यात्रीलाई विनाशबाट बचाउन पनि राष्ट्रिय मूल नीतिको टड्कारो आवश्यक्ता परेको छ ।

देशको विकास र राजनीति समाजको चेतनाको स्तर (Awareness Level), जीवन स्तरको तह (Living Qmandard Level) तथा आअआफ्ना संस्कार र संस्कृतिसंग मिलेमा मात्र द्वन्द्व रहित समाज बन्दछ । सिद्धान्ततः जनता आफै सचेत भएर गर्दछन् (Persuesive) भन्ने धारणा राख्नु हुदैंन । अहिलेको नेपालको चेतनाको अबस्था सकारात्मक निर्देशित (Positive Coersive) नै हो । यो कुनै पनि प्रकारको तानाशाही प्रवृत्तिले समाल्न सकिदैन । यसको समन्वय केवल राष्ट्रिय मूलनीतिले मात्र सम्भव छ ।

विकासको लागि सबै समुदाय, वर्ग र व्यक्तिको सहभागितामा अभिवृद्धि गर्न देशका विभिन्न भागमा संगठित गैरसरकारी संस्थाहरू, प्राज्ञिक परिषद् एवं प्रतिष्ठानहरू, साहित्य, कला, धर्म, संस्कृतिसित सम्बन्धित संघ-संस्थाहरू, परामर्श दातृसंस्थाहरू, तथा विभिन्न दलहरू, जाती जनजातिहरूलाई एकीकृत गरी एकताको सूत्रमा बाँध्ने, सार्वभौमिक्ता, अखण्डता, एकताा र स्वतन्त्रतालाई अक्षुण्ण राख्न र सम्मानको अभिवृद्धि गर्न बहुजातिहरू तथा महिलाहरूबीच विद्यमान असमानताहरूको सही पहिचान गरी यिनको समाधानका लागि कल्याणकारी राज्यको नीतिनिर्देशक सिद्धान्तअनुरूप कार्यान्वयन गराएर समानस्तरको सामाजिक जीवन बनाउन कार्यरत रहने, सचेत समूहलाई राष्ट्रको बृहत्तर हितका लागि राष्ट्रिय चरित्र अनुरूप पूर्वीय संस्कृति र उच्च मानवीय आदर्शलाई चारित्रिक रूपमा पालन गर्ने र गराउँदै लैजाने र कुसंस्कार र अन्धविश्वासी कुराको विरूद्ध चेतना जगाउन यसको मूलनीतिको खाँचो छ ।

दीर्घकालीन नीतिको अभावमा सरकार, दल र व्यक्ति फेरिना साथ कार्यक्रमहरू आफू खुशी लैजान खोज्ने विद्यमान परम्पराले गर्दा योजना अधुरा रहने, स्थानान्तर हुने र प्राथमिक्ता बदलिने गरेका छन् । यसो हुँदा राजनीति, प्रशासन र विकासले दिगो र स्थिर रूप लिन सक्दैन । एकले अर्कोलाई संरक्षित गरिएको 'गरीबी र अचेतनता' चुनौति पूर्ण राष्ट्रिय समस्या हो ।

# कता अलमलियो मार्क्सवादी दर्शन ?



**सुरेशकुमार पाण्डे**

मार्क्सवाद जीवनको उज्यालो सिद्धान्त हो तर जाज्वल्यमान मार्क्सवाद भारत, नेपालजस्ता उर्वरभूमिबाट समेत किन अस्ताउन थाले ? यो आजको गम्भीर र समीक्षा गर्नेपर्ने विषय हो ।

विज्ञानलाई कसैले रोकेर रोकिने चिज होइन, यो समय अनुसार विकास हुँदै जाने गर्दछ । सदियौं देखि मानवसमाज भौतिक ज्ञानकै आधारमा विकास र विकसित हुँदै आएको अकाट्य सत्य हो । त्यस्तै समाज विज्ञानमा मार्क्सवादी दर्शनको ठूलो योगदान छ । उनि बस्तुवादी र समाजमा हुने शोषण र शोशकले बुनेको जालको बारेमा प्रष्ट पार्न सफल भए । त्यो मात्र होइन उनले शोषण मुक्त कसरी हुनसकिन्छ ? भन्नेबारे पनि मानव समाजलाई एउटा महत्वपूर्ण र ऐतिहासिक दर्शन दिएर गएका छन् ।

कसैले माने पनि नमाने पनि सूर्यलाई हत्केलाले छेकेर कहिल्यै छेकिँदैन । सूर्यको प्रकाश आज पनि उत्तिकै सत्य हो । सत्यलाई रोक्ने प्रयास गर्नु मूर्खता हो । विज्ञान भनेको हाम्रो विवेकले समेत विज्ञानको नाम उच्चारण गर्न नसक्दा पनि मौजुद थियो, आज पनि छ र भविष्यमा पनि रहिरहने छ। विज्ञानको विकासलाई कसैले रोक्न सक्दैन । त्यसैको आधारमा हामीले भन्न सक्छौं–अस्तित्वमा आएका अर्थात जन्मिएका सबै खाले वस्तुहरूको अन्त्य हुन्छ । यो विचार विज्ञानसम्मत छ । मार्क्सवादी दर्शन केवल राजनीतिक थलो होइन, बरू मानव कल्याणको चम्किलो नक्षत्र हो, जसले जीवन र जगतलाई वस्तुगत यथार्थमा व्याख्या र विश्लेषण गर्दै आएको छ ।

यो यथार्थ किन छायाँमा पर्दैछ ?

यो प्रकृति जगत साँच्चै द्वन्द्वात्मक भौतिकवादमा आधारित छ । यहाँ निषेधको निषेध नियम लागू हुन्छ । एउटा व्यक्तिले मकै रोपे पनि, गहुँ छरे पनि एउटा दानालाई बिरूवाले र बिरूवालाई घोंगा वा बालाले सुकाएको हुन्छ र त्यसको अन्त्यपछि अर्थात एउटा दानाको अन्त्यपछि सयौं दानाहरू तयार भएका हुन्छन् । यसैलाई द्वन्द्वात्मक विकास भनिन्छ । यो नियम प्रकृति, जीवजन्तुहरू आदिमा लागू भएकै हुन्छ । फर्क यत्ति हो–विभिन्न व्यक्तिले यसलाई मूल्यांकन गर्दा आफ्नै हिसाबले गर्छन् । कसैले आत्माको रूपमा, कसैले परमात्माको रूपमा व्याख्या र विश्लेषण गर्दछन्। कसैले ध्वजा किन बाँध्यो ? त्यसको इतिहास कोट्याउन अलिक मिहिनेत गर्नुपर्छ, खोजतलास गर्नुपर्छ । त्यो परिश्रमबाट मुक्त हुन एउटा परम्परा भनिदिए भयो । आखिर त्यो परम्पराको पनि त कुनै उद्देश्य थियो होला ? यसमा छानबिन गर्ने भौतिकवाद मात्र हो । उसले यति सानो विषयको निष्कर्षमा पुग्न आदिम युगदेखि यताको अध्ययन गर्न लगाएको हुन्छ ।

अञ्जान, अनपढ युगमा पनि मानिसहरूले विज्ञान अथवा गणितीय सिद्धान्तलाई प्रयोग गर्दै आएका थिए । एउटा बालक जन्मियो भने त्यो दिनदेखि दिन गनेर स-साना ढुङ्गा एक ठाउँमा राखेपछि उसको जन्म भएको कति दिन भयो, कति महिना भयो र कति वर्ष भयो भनेर बुझ्न यसो गरेका हुन सक्छन् । पछि जस्तै धागो र कपडाको आविष्कार भयो, त्यही रूपमा ढुङ्गाको ठाउँ ध्वजाले लिएको हुनसक्छ । जमाना देखि मानिसले आफूलाई आवश्यकता अनुसार खोज गर्दै आएको देखिन्छ। ढुङ्गा तिखारेर हतियार बनाउने, धनुवाण बनाउनेदेखि लिएर फलामका हतियार र अहिलेका आधुनिक बमहरू बनाउनेसम्म विज्ञानले काम गरेको देखिन्छ । गाईबस्तु पालेकाले दाम्लो बनाउन पटुवा अर्थात धागो आफ्नै दिमाग खियाएर तयार पारे । उनीहरूले त्यसको स्रोत पनि आफैँ खोजे । तर त्यो श्रोत यसै प्राकृतिमा मौजुद छ ।

आजको दुनियाँ डिजिटल टच अवस्थासम्म आइपुग्न लाखौं-करोडौं वर्ष लाग्यो। मानिसको उत्पत्तिदेखि अहिलेसम्मको समयसँग संघर्ष गरेर नै मानिस यहाँसम्म आइपुग्न सफल भयो । जति विकास हुँदैछ, उत्तिकै मानव समाजमा भ्रष्टाचार बढ्दैछ । पहिले झुट बोल्न मानिसहरू डराउँथे । उनीहरूलाई के भ्रम थियो भने झुट बोल्दा पाप लाग्छ, तर केही व्यक्तिहरूले त्यसको फाइदा उठाए र झुट बोलेर शोषणकारी बने, उनीहरू सम्पन्न बने । पाप कस्लाई लाग्यो ? जसले झुट बोल्न डराएका थिए। पाप, स्वर्ग, नर्क, पुनर्जन्म, पूर्वजन्मका कथा सुनाउनेहरू आफूले जीवित नै स्वर्गको अनुभूति गर्न अरूलाई यस्तो शास्त्र सुनाउँदै हिँडे । उनी अपराधी भएर पनि धार्मिक बनेर समाजलाई भ्रम दिँदै आएका छन्, तर वास्तविक धार्मिकहरू ओझेलमा परेका हुन्छन् ।

समाजलाई डराउन कथाहरू तयार पारे, उनीहरूको नाममा सक्दो लुट मच्चाए । तर सत्यवादीहरू उनीहरूको आचरणलाई पनि अदृश्य शक्तिले सजाय दिन्छ भनेर विश्वास गर्दै अन्यायको प्रतिकार गर्नुको सट्टा चुपचाप बसिरहे । अनि उनीहरू सदियौँदेखि कमजोर र लाचार बन्दै आए । एकथरीले शोषण गरेर अकूत सम्पत्ति ओगटे, अर्को थरी आफैले आबाद गरेको जमिन समेत गुमाएर सुकुम्बासीमा परिणत भए ।

मार्क्सवादले त्यो दमन, अन्याय, अत्याचार र असमानता किन भयो र त्यसबाट छुटकारा कसरी हुनसक्छ भन्नेबारे गरिब किसान लगायत तमाम श्रमजीवी वर्गको मुक्तिका लागि छुट्टै वर्गीय दर्शन तयार पारेर समाजमा ल्याएको हो । मानव समाजभित्र शोषक र शोषित दुई वर्ग छुट्याएर उनीहरूबीचको विभेदलाई सधैँका लागि समाप्त पार्न समाजवाद र साम्यवादी सिद्धान्त अगाडि सारेका थिए । सन् १८४८ मा आएको कम्युनिस्ट घोषणापत्र मानव समाजमा आएको पहिलो यस्तो अहिलेसम्मकै समाज विज्ञानमा आधारित वर्गीय राजनीतिको रेखाङ्कित स्वरूप थियो–विश्व श्रमजीवी वर्गको लागि मुक्तिको ऐतिहासिक मार्गदर्शन थियो ।

तर पुँजीवादी र प्रतिक्रियावादीहरू मार्क्सवादी दर्शनबाट आफ्नो स्वर्ग गुम्ने डरले षड्यन्त्र गर्न थाले । उनीहरूले मार्क्सवादी विचारलाई बम र गोलीले निषेध गर्न सम्भव थिएन, त्यसैले कम्युनिस्टभित्र आफ्ना एजेन्टहरू घुसाएर कम्युनिस्ट राजनीतिलाई जसरी बदनाम गर्न सकिन्छ त्यसरी बदनाम गर्न सुरू गरे । बालबालिकाहरूलाई उस्तैखाले चमत्कारी र रोचक साहित्य, समाजलाई धर्म र जातीय मुद्दाहरूमा उल्झाए र वर्गीय आन्दोलन कमजोर पार्ने कामहरू भए । अहिले सहकारी, आइएनजिओ र एनजिओका सदस्य बनाएर युवाहरूलाई विभिन्न नसाहरूमा उल्झाएका छन् । मार्क्सवाद त्यो अहिले पनि झन् नभई नहुने दर्शनको रूपमा अनिवार्य देखिन्छ ।

मालेमा विचारधाराले मात्र विश्वमा वर्गविहीन समाजको निर्माण गर्न र शान्ति सुव्यवस्था निर्माण गर्नसक्छ । साम्राज्यवादी शक्तिहरूले जहाँ कम्युनिस्ट भौतिकवादी विचारधाराको विकास हुने देख्छन्, त्यहाँ त्यसको विरूद्धमा अराजकता फैलाउने गर्दैछन् ।

नेपालमा पनि त्यही उद्देश्यले विभिन्न खाले धर्मको नाममा संघ-संस्थाहरू देखिन्छ । कतिपयले धर्म परिवर्तन गर्दै समानताको सपना बुनेका हुन्छन् । कसैले योगकै जाल फालेर मानव समाजमा विज्ञानको विरूद्धमा अध्यात्मको खुब प्रचार अगाडि बढाएका छन् । यी सबैको उद्देश्य वर्गीय संघर्षलाई दिशाहीन बनाउन र धन कमाउन फैलाइएको जाल हो । धेरैले फाइदा उठाएर समाजमा भौतिकवादमाथि प्रहार गर्दै आएका छन् । तर हामीले देखेका छौँ–भौतिकवाद सबैभन्दा बलियो र सबै खाले रोगको निवारणकर्ता हो ।

५ मे सन् १८१८ मा जन्मेका कार्ल मार्क्स र एङ्गेल्सद्वारा तयार पारिएको घोषणापत्रअनुसारको वर्गीय संघर्षबाट आएको रूसको समाजवादी क्रान्तिले पुष्टि गरेर संसारको माझमा देखायो। मार्क्सवाद भनेको समाज विज्ञान हो, जो कहिल्यै पुरानो हुँदैन र यसैले विश्वका तमाम उत्पीडित श्रमजीवीहरूको हकहितको रक्षक र राजनीतिक हतियार हुन सक्छ । यसका लागि श्रमजीवीको एकता अनिवार्य सर्त हो । त्यही एकताका लागि समाजलाई टुर्क्याउने खालका रूढिवादी विचारधाराको विरोधमा आवाज उठाउनु आजको आवश्यकता हो। भौतिकवादी समाजको निर्माण बिना कम्युनिस्ट र विज्ञानको मिसन पूरा हुन सक्दैन । अचेल समाजलाई पृथक र अभौतिक दिशाहिन बनाउन धेरै संघ संस्थाको जाल थापिएको छ । स्वयम मार्क्सवादको आवरणमा पुंजिवादको खेल हुँदैछ ।

## राजदूत बन्न अब व्यभिचार होइन
## लिखित र अन्तर्वार्ता




## राष्ट्रपति र प्रधानमन्त्री
## कार्यकारी प्रधानमन्त्रीको झल्को





## अन्तिम पातो - शाश्वत शर्मा

# बालेन्द्रले विश्वास कायम राख्लान् ?

करीव महिना दिनको पोखरा र त्यसआपासका क्षेत्रको भ्रमण सकेर पूर्वराजा ज्ञानेन्द्र आफ्नो परिवारसहित काठमाडौं फिरेका छन् । सार्वजनिक सूचना नदिएकाले होला यसपटक पहिलेजस्तो कुनै तामझाम देखिएन । केही जानकारका अनुसार त्रिभुवन विमानस्थलमा गएर स्वागत गरेको देखियो, जुलुस केही हुन पाएन । त्यसो त पूर्वराजा नागरिकको स्तरमा रहेकाले चर्चा गरिरहनु पर्ने होइन तर वर्तमान शासन प्रणाली, यिनका संस्चालकहरू असफल शिद्ध भइसकेपछि जेनजी सरकार गठन भए पनि यो सरकारले के गर्छ भन्ने चासो रहिरहेको र पूर्वराजातिरको आमआकर्षण बढिरहेकै सन्दर्भले पनि चर्चा हुने गर्दछ । हालै एकजना मधेशवादी नेता जो राष्ट्रिय सभाका सदस्य पनि हुन्, उनले राजसंस्था पुर्नस्थापना हुँदैछ, अचम्म नमान्नुहोला भनेर दिएको अभिव्यक्ति सामाजिक सञ्जालभरि भाइरल नै भएको छ । तिनै बयोवृद्ध मधेशवादी नेताको आफूसँग राजा ज्ञानेन्द्रले पटक पटक भेट्न खोजेको बताएर राजा ज्ञानेन्द्रको नेपाली राजनीतिमा अद्यापित भूमिका रहेको बुझ्न सकिन्छ । हुन पनि राजनीतिमा, समाजमा राजा र राजसंस्थाको अपरिहार्यता झन झन बढ्दै गएको छ । पुराना नेता र पुराना दलहरूले सार्वजनिक रूपमा सम्झेनन् त्यसकारण नयाँहरूलाई मौका दिइएको वर्तमान अवसथमा पनि गत फागुन २१ को आमचुनावपछि गठन भएको रास्वपाको सरकारबाट केही आश पलाएको भए पनि यस्तो सरकारलाई टेको दिन एउटा दह्रो मियोको जरूरत पर्दछ भन्ने आमधारणा र विश्लेषण भइरहेकै छ ।

हो, राजासहितको संविधान, बालेन्द्र साह नेतृत्वको सरकार भएको खण्डमा मुलुक शान्ति, स्थिरता र विकासतर्फ बढ्ने लख कतिपयले काटेका छन् । अहिले संविधान संशोधनको कार्यदलले नागरिकहरूसँग सुझाव मागिरहेको छ । प्रम बालेन्द्र साहका राजनीतिक सल्लाहकार असिम साहको संयोजकत्वमा गठन भएको यो कार्यदलमा रास्वपा, नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा, संसदमा पुग्न असफल जसपा, लोसपा, राजमोका एक एक जना सदस्य रहेका छन् । तर अहिलेसम्म यो संविधान संशोधन बहसपत्र तैयार गर्न कार्यदल २०८२ मा प्रमुख प्रतिपक्षी कांग्रेसले अझै प्रतिनिधि खटाएको छैन । २०८२ चैत १६ को मन्त्रिपरिषदको निर्णयबाट गठन भएको यो कार्यदलले राजनीतिकर्मी, बुद्धिजीवी आदिसँग सुझाव संकलन गरेको छ । अब आमनागरिकबाट पनि संकलन थाल्दैछ । त यस्तो समयमा आम जनतालको कर्तव्य हो कि बढीभन्दा बढी सुझाव संकलनमा सहभागी भएर मुलुकको स्थिरता, शान्ति, विकास र सुशासनका लागि राजसंस्थासहितकोसंविधान निर्माण (संशोधन) का लागि सुझाव दिनु । करीव दुई तिहाइको सरकार रहेको वर्तमान अवस्थामा संविधान संशोधन त्यति जटिल विषय नहुने विश्वास गरिन्छ । संसद र राष्ट्रिय सभामा मतभेद देखिने सम्भाबना छ तर पनि राजासहितको संविधान संशोधन भएमा संविधान भारी मतले पारित हुनेछ भन्ने विश्वासमा विश्वस्त हुनसकिन्छ । गणतन्त्र भन्ने विषय कम्युनिष्टको एजेण्डा हो, अन्य प्रजातान्त्रिक पार्टीलाई संवैधानिक राजतन्त्रप्रति ठूलो आपत्ति केही छैन । चुनावले कम्युनिष्ट शक्तिलाई किनारा लगाइसकेको छ । जसरी भारतमा कम्युनिष्ट किनारा लागे, नेपालको स्थिति पनि त्यस्तै भइसकेको छ । जेनजी आन्दोलन भनेकै गणतन्त्रको असफलताको बाध्यकारी परिस्थिति थियो । यो सिख सबैले लिन जरूरी छ र नेपालमा संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्र उपयुक्त हुनेछ । अधिकांश बुद्धिजीवी, विचारक, पार्टी नेताहरूले समेत नेपालको वस्तुस्थिति र संवैधानिक राजतन्त्रको आवश्यकतावोध गर्न थालेका छन् । पुरानै धङधडेले राष्ट्र बचाउन, बनाउन नसकिने निष्कर्ष निकाल्दै, आत्मालोचना गर्दै, भए गरेका कमजोरी सच्याउने छन् भन्ने विश्वास देशैभरि फैलिन थालिसकेको छ । स्थानीय तह र राष्ट्रियसभामा पुराना दलहरू सोझिएको खण्डमा राजासहितको संविधान निर्माणमा रास्वपालाई कुनै कठिनाई देखिदैन । अहिले मुख्य भूमिकामा रास्वपा रहेको छ । आफ्नो विधानमा लोकतान्त्रिक गणतन्त्र उल्लेख भए पनि आम नेपालीहरूको विश्वास राजसंस्थातिर रहेको भनेर बुझेको रास्वपाले लचकता देखाउनेछ, यस्ता भनाई अहिले धेरैतिर देखिन्छ । स्वयम् संविधान बहसपत्र तैयार गर्ने समितिका संयोजक असिम साहले समेत संवैधानिक रूपमा राजतन्त्र रहनुमा के आपत्ति ? भनेका छन् ।

स्मरण गरौं, फागुन २१ को चुनावको माहोलको । रवि र रास्वपाप्रति आकर्षण, वालेन साहप्रतिको बेजोडको क्रेज, जसको कारणले रास्वपाले अपार जनविश्वास प्राप्त गरेको हो । यो विश्वास कायम राख्न र मूल धारको पार्टी बनिरहन पनि रास्वपाले संवैधानिक राजतन्त्रको मुद्दालाई संवोधन गर्नैपर्छ । पुराना दलहरूले राजासँग गरेको सम्झौतामा धोका दिए । रास्वपाले जनभावनाको कदर गर्नुपर्नेछ ।

**लोकतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भारतमा ककरोच जनता पार्टीको सनसनी

डा. केदार कार्की
karkikedar96@gmail.com

ककरोच जनता पार्टी भारतका युवा र बेरोजगार व्यक्तिहरूद्वारा सुरू गरिएको एक नयाँ र अद्वितीय सामाजिक सञ्जालमा आधारित राजनीतिक आन्दोलन हो । यो मे २०२६ मा सर्वोच्च अदालतका प्रधानन्यायाधीश सूर्य कान्तले सुनुवाइको क्रममा कसैलाई ककरोच; (सांगला) भनेका कथित मौखिक टिप्पणी पछि सुरू भएको थियो। यसबाट आक्रोशित भएर बोस्टनबाट फर्केका युवा अभिजीत दिपकेले यो प्रतीकात्मक पार्टी स्थापना गरे ।

जब, प्रणाली सफा गर्नुको सट्टा, प्रणाली आफैं सड्न थाल्छ, तब, अँध्यारो रातहरूमा, सुनसान सडकहरूमा, एक मसीहा; देखा पर्छ । मानिसहरूले उसलाई राजा होइन, सांगला-ककरोच; भन्छन्! यो एक सर्वव्यापी मसीहा हो जो जहाँ पनि देखा पर्न सक्छ । तपाईंको चम्किलो भान्छामा, भारतीय रेलवेको डिब्बामा, वा सरकारी कार्यालयको त्यो अँध्यारो कोठामा जहाँ धुलोले भरिएका फाइलहरू शताब्दीयौंदेखि सुतिरहेका छन् । अब सोच्दै हुनुहुन्छ होला कि यो महान प्राणीको अचानक किन उल्लेख गरिएको छ ?

खैर, महोदय, राजनीतिको कोरिडोरबाट ब्रेकिङ न्यूज आएको छ । एउटा पार्टीले देशको राजनीतिमा प्रवेश गरेको छ, चुनाव लडेर, र्‍याली नगरी र पोस्टरहरू पोस्ट नगरी सामाजिक सञ्जालमा हलचल मच्चाइरहेको छ । यसको नाम ककरोच जनता पार्टी, वा सीजेपी हो । सीजेपी को नाम अहिले इन्टरनेटमा चर्चाको विषय हो । यो मीम वा मजाक जस्तो लाग्न सक्छ, तर इन्टरनेटमा यसको लोकप्रियता केवल मजाकभन्दा बाहिर गएको देखिन्छ । यो घोषणा भएको केही दिनमै करोडौं मानिसहरू पार्टीमा सामेल भए ।

रोचक कुरा के छ भने, यसका सदस्यहरूले आफूलाई धर्मनिरपेक्ष, समाजवादी, लोकतान्त्रिक र अल्छी भनेर वर्णन गर्छन्, जुन लाइन अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ । कोही यसलाई युवा निराशाको नयाँ प्रतीक भनिरहेका छन् भने कोही यसलाई वर्तमान राजनीतिमा अन्तिम व्यंग्य मानिरहेका छन् ।

विवादास्पद टिप्पणीबाट सुरू भयो, जसले सामाजिक सञ्जालमा बहस सुरू गर्‍यो । पार्टीको नाम, ककरोच जनता पार्टी, पनि छलफल भइरहेको छ । यो नाम भारतका प्रधानन्यायाधीश सूर्य कान्तको हालैको कथित टिप्पणीमा आधारित रहेको छ । जसमा उनले भनेका थिए कि केही युवाहरू ककरोच जस्तै छन् जसले रोजगारी पाउन नसक्ने, सामाजिक सञ्जाल, मिडिया वा आरटीआई कार्यकर्ता बनेर प्रणालीमा आक्रमण गर्छन् । यद्यपि, प्रधान न्यायाधीशले पछि स्पष्ट पारे कि उनको भनाइलाई गलत रूपमा प्रस्तुत गरिएको थियो ।

मे १६ मा, प्रधानन्यायाधीश सूर्यकान्तले साङ्लाको टिप्पणी गरेको दिन, अभिजीत दिप्केले सामाजिक सञ्जालमा मानिसहरूलाई **साङ्ला जनता पार्टी**मा दर्ता गर्न अपील गरे । यो पार्टीको उद्देश्य चुनाव लड्नु होइन भन्ने कुरा स्पष्ट पार्नुपर्छ; यो एक व्यंग्यात्मक राजनीतिक संगठन हो ।

हिजो एउटा सामान्य मुद्दाको सुनुवाइमा दिएको मेरो मौखिक भनाइलाई मिडियाको एक वर्गले गलत उद्धृत गरेको पढेर मलाई अत्यन्तै दु:ख लागेको छ । मैले विशेष गरी नक्कली र बनावटी डिग्रीको सहयोगमा कानून पेशामा प्रवेश गर्नेहरूको आलोचना गरेको थिएँ । त्यस्ता व्यक्तिहरूले मिडिया, सामाजिक सञ्जाल र अन्य प्रतिष्ठित पेशाहरूमा पनि घुसपैठ गरेका छन्, त्यसैले तिनीहरू परजीवीहरू जस्तै छन् । मैले हाम्रो देशका युवाहरूको आलोचना गरेको भन्नु पूर्णतया आधारहीन छ ।

*जतिसुकै घोटाला, विवाद वा सार्वजनिक आक्रोशको सामना गर्नुपरे पनि, तपाईंको कपालको एक भाग पनि हानि हुनुहुँदैन । जसरी साङ्लो आणविक आक्रमणबाट बच्नसक्छ, त्यसरी नै तपाईं हरेक राजनीतिक संकटमा अमर रहनुपर्छ । यो पार्टीको सबैभन्दा ठूलो र बलियो आधार देशको बेरोजगार सेना हो । यदि तपाईंसँग गर्न केही छैन र दिनभरि के गर्ने र के नगर्ने भन्ने भूलभुलैयामा फसेको छ भने, तपाईं यो पार्टीको सदस्य बन्नको लागि सबैभन्दा उपयुक्त हुनुहुन्छ । यसबाहेक, यदि तपाईंको बिहान सूर्यको प्रकाशबाट होइन, तर रिलहरू मार्फत स्क्रोल गरेर सुरू हुन्छ । यदि तपाईंको औंलाहरूले बिना कारण प्रत्येक दुई सेकेन्डमा स्क्रिन अनलक गर्छन् भने, बधाई छ ! तपाईं पार्टीको आईटी सेलको लागि उपयुक्त हुनुहुन्छ । संसारमा धेरै पीडा छ, तर जससँग त्यो पीडा र क्रोधलाई अपवित्रता बिना, किबोर्डमा पूर्ण रूपमा पेशेवर तरिकाले टाइप गरेर व्यक्त गर्ने सीप छ, त्यो यो पार्टीको सबैभन्दा बहुमूल्य हीरा हो । सरकारदेखि समाजसम्म, तर्क बिना, तर पूर्ण स्वैग र व्याकरणको साथ आफ्नो रिस पोख्ने क्षमता भएका युवाहरूलाई यहाँ रातो कार्पेटमा स्वागत गरिन्छ । पार्टीको आदर्श वाक्य हो: आफ्नो ठाउँमा बस्नुहोस्! अति आवश्यक नभएसम्म आफ्नो ठाउँबाट नहट्नुहोस् । साङ्लो पनि बगाएर नफालेसम्म कुनामा चुपचाप बस्छ । यदि तपाईं पनि आलस्यको त्यो चरम सीमामा हुनुहुन्छ जहाँ एक गिलास पानी उठाउन पनि प्रेरक भाषण दिनु आवश्यक छ भने, तपाईं यस पार्टीको सबैभन्दा वफादार र अनुशासित कार्यकर्ता हुनुहुन्छ ।*

ककरोच जनता पार्टीको स्थापना गर्ने अभिजीतले संयुक्त राज्य अमेरिकाको बोस्टन विश्वविद्यालयमा जनसम्पर्कमा स्नातकोत्तर डिग्री हासिल गरिरहेका छन् । उनले २०२० देखि २०२३ सम्म आम आदमी पार्टीको सामाजिक सञ्जाल टोलीमा स्वयंसेवा पनि गरेका थिए । द हिन्दूसँग कुरा गर्दै अभिजीतले भने कि ककरोच जनता पार्टीले माननीय प्रधानन्यायाधीशको भनाइको विरूद्धमा युवाहरूको विरोधको प्रतिनिधित्व गर्दछ, जसमा उनले युवाहरूलाई ककरोच र परजीवी भनेर उल्लेख गरेका थिए ।

भारत जस्तो लोकतन्त्रमा यो अस्वीकार्य छ, जहाँ संविधान र अभिव्यक्ति स्वतन्त्रताको संरक्षक मानिने प्रधानन्यायाधीशले युवाहरूको आलोचना र अपमान गर्छन् । उनले थप भने कि यदि युवाहरूलाई आफ्नो आवाज सुनाउन ककरोच बन्नु पर्यो भने, उनीहरूले यो पहिचानलाई अँगाल्नेछन् । त्यसैले उनीहरूले आफ्नो नाम ककरोच जनता पार्टी राखेका छन् । हामीले पहिले नै उल्लेख गरिसकेका छौं, यो एक मध्यमार्गी राजनीतिक दल हो ।

पार्टीको मिशन र दृष्टिकोणको बारेमा, ककरोच जनता पार्टी (सीजेपी) ले आफ्नो वेबसाइटमा लेखेको छ, हामी यहाँ अर्को पीएम केयर्स योजना सुरू गर्न आएका छैनौं, न त करदाताहरूको तलबमा दाभोसमा बिदा मनाउन आएका छौं । न त हामी भ्रष्टाचारलाई रणनीतिक खर्चको रूपमा पुन: ब्रान्ड गर्न आएका छौं । हामी यहाँ ठूलो स्वरमा, बारम्बार, लिखित रूपमा सोध्न आएका छौं: पैसा कहाँ गयो ? पार्टीको ट्यागलाइन; अल्छी र बेरोजगारहरूको आवाज; हो । पार्टीले प्रणालीले गणना गर्न बिर्सेकाहरूको प्रतिनिधित्व गर्ने दाबी गर्छ । पार्टी एक जिद्दी समूह हो जसको कुनै प्रायोजक छैन । सत्तामा आएमा केवल पाँच चीजहरू लागू गरिनेछन् । घोषणापत्रमा गरिएका पाँच वाचाहरू पनि रोचक छन् । वाचा नम्बर एक: यदि सीजेपी (**ककरोच जनता पार्टी**) सत्तामा आयो भने, कुनै पनि सीजेपीलाई अवकाश पछि राज्यसभा सीटले पुरस्कृत गरिने छैन । वाचा नम्बर दुई: यदि कुनै पनि वैध मत हटाइयो भने, चाहे सीजेपी सरकार भएको राज्यमा होस् वा विपक्षी दल, सीईसी लाई यूएपीए अन्तर्गत पक्राउ गरिनेछ, किनभने कसैको मतदान अधिकार खोस्नु आतंकवाद भन्दा कम छैन । तेस्रो नम्बरको वाचा: महिलाहरूको लागि ५०% आरक्षण, ३३% होइन, र यसका लागि सांसदहरूको संख्या बढाइने छैन ।

मन्त्रिपरिषद्मा महिलाहरूको लागि ५०% आरक्षण पनि हुनेछ । चौथो नम्बरको वाचा: ठूला कर्पोरेट कम्पनीहरूको स्वामित्वमा रहेका टिभी च्यानलको इजाजतपत्र रद्द गरिनेछ, र उनीहरूका प्रस्तोताहरूको बैंक खाताहरूको छानबिन गरिनेछ । पाँच नम्बरको वाचा: यदि कुनै पनि विधायक वा सांसदले अर्को पार्टीमा भाग लियो भने, उनीहरूलाई चुनाव लड्नबाट रोक लगाइनेछ र आगामी २० वर्षसम्म कुनै पनि सार्वजनिक पद धारण गर्नबाट रोक लगाइनेछ । ककरोच जनता पार्टी गठन भएको दुई दिनपछि मे १८ मा अभिजीतले ५०० जना पार्टीमा सामेल भएको दाबी गरे ।

अभिजीत भन्छन् कि उनको पार्टी धर्मनिरपेक्ष, समाजवादी, लोकतान्त्रिक र जात विरोधी संगठन हो ।

तृणमूल कांग्रेसका सांसद महुआ मोइत्रा र कीर्ति आजादले मजाक गर्दै पार्टीमा सामेल हुने इच्छा व्यक्त गरेपछि यो मुद्दाले राजनीतिक गति लियो । जवाफमा, पार्टीले लेख्यो, लोकतन्त्रलाई तपाईं जस्ता लडाकुहरूको आवश्यकता छ । स्वागत छ, महुआ मोइत्रा; कीर्ति आजादले पार्टीमा सामेल हुन के योग्यता चाहिन्छ भनेर सोधे, जसको जवाफमा सीजेपी ले जवाफ दिए, १९८३ को विश्वकप जित्नु नै पर्याप्त छ । यी पोस्टहरू पछि, सामाजिक सञ्जाल मीम्स र मजाकहरूले भरियो । यसैबीच, पार्टीले केही गम्भीर मुद्दाहरू पनि उठाउन थाल्यो। सीजेपी ले नीट र सीबीएसई जस्ता परीक्षाहरूमा हुने अनियमितताको विरूद्धमा बोल्यो । यसले सीबीएसई पुन: जाँच शुल्क खारेज गर्न माग गर्‍यो र विद्यार्थीहरूलाई उनीहरूको गल्तीको लागि शुल्क लिने बोर्डको निर्णयलाई भ्रष्टाचारको रूपमा वर्णन गर्‍यो । व्यंग्यको बीचमा, पार्टीले शिक्षा, बेरोजगारी र प्रणालीगत जवाफदेहिता जस्ता मुद्दाहरूलाई पनि सम्बोधन गर्न थालेको छ । सीजेपी को घोषणापत्र हाल धेरै छलफल भइरहेको छ ।

पार्टीको घोषणापत्र किन यति धेरै चर्चामा छ: पार्टीले पाँच बुँदे एजेन्डा जारी गरेको छ । यसमा अवकाशपछि न्यायाधीशहरूलाई राज्यसभाको सिट नदिने, संसद र मन्त्रिपरिषद्मा महिलाका लागि ५०% आरक्षण दिने, मिडिया स्वतन्त्रता सुनिश्चित गर्ने र दल परिवर्तन गर्ने राजनीतिज्ञमाथि २० वर्षको चुनावी प्रतिबन्ध लगाउने जस्ता मागहरू समावेश छन्। पार्टीले यहाँसम्म भनेको छ कि यदि कुनै मान्य मतदाताको नाम मतदाता सूचीबाट हटाइयो भने निर्वाचन आयोगका अधिकारीहरूमाथि कडा कारबाही गरिनुपर्छ ।

